का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ असोज २०८२
बुधबार
8 October 2025
Wednesday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक २४२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# बालेनले दिन थाले जवाफ

सिंहदरबार जलेलगत्तै दमकल जाने प्रयास गरे तापनि आन्दोलनकारीको अवरोधले गर्दा दमकल जान सकेको थिएन, नेपाली सेनाको दमकल सिंहदरबारभित्रै हुँदा पनि निभाउने प्रयास गर्न सकेको थिएन । कारण थियो हुलले दमकललाई काम गर्न दिएन ।

■ मेयर बालेन

सबैले आस गरेको मान्छे यसो पत्रकार सम्मेलन गरेर जानकारी दिए कमसेकम सबै भ्रम तोडिने थियो । बालेनजी !

■ कमल ज्ञवाली
सामाजिक सञ्जाल प्रयोगकर्ता

नयाँ पुस्ताबाटै 'सिंहदरबार जलाउने बालेन शाह हो' भनेर टिप्पणीहरु हुन थालेपछि भने चुप रहन सकेनन् । सामाजिक सञ्जालबाटै भए पनि जवाफ दिएका छन् । योसँगै जुनसुकै प्रश्नमा जवाफ नदिने बालेन शैलीमा ब्रेक लागेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ असोज

सामान्यतया जनप्रतिनिधि भनेको जनताको कुरा सुनेर नीति बनाउने र जनताकै चाहनाअनुसार जनताको दैनिकी सहज बनाउने अख्तियारप्राप्त अधिकारी हो । तर यस्तो बुझाइलाई नै माथ खुवाउने पात्र हुन्- काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन) । उनी मेयर भएको साढे तीन वर्ष हुन लाग्यो । यस बीचमा उनले कहिल्यै सार्वजनिक कार्यक्रम र सार्वजनिक बहसको सामना गरेका छैनन् । उनी मेयर भएपछि सकारात्मक काम धेरै भएका छन् । तर नकारात्मक टिप्पणी गर्नेहरू पनि कम छैनन् । के नियतले के काम गरेको ? भन्ने स्पष्टीकरण दिन कहिल्यै तयार नहुने प्रवृतिले बालेनको पहिचान नै बनेको छ । उनको व्यक्तित्व एकोहोरो स्ट्याटस मात्र लेख्ने र दोहोरो प्रतिक्रिया नदिने पात्रका रूपमा चित्रित हुन पुगेको छ ।

साढे तीन वर्षपछि भने थोरै भए पनि आफ्नो शैलीमा 'ब्रेक' लगाएका छन् । सामाजिक सञ्जालबाटै भए तापनि आफूमाथिका प्रश्नको सामना गर्ने र जवाफ दिने कार्यमा देखिन थालेका हुन् ।

पछिल्लो समय जेनजीको आन्दोलनपछि बालेन नयाँ पुस्ताबाट समेत प्रश्नको घेरामा परे । उनले सामना गरेका प्रश्नहरू हुन्- सिंहदरबार, सर्वोच्च अदालत, संसद् भवन जल्दा काठमाडौं महानगरको दमकल कहाँ गयो ? राज्यका महत्वपूर्ण संरचना र निजी सम्पत्ति जलेको हेरेर तीन दिनसम्म बालेन किन बसे ?'

यी प्रश्न मात्रै होइन, नयाँ पुस्ताबाटै 'सिंहदरबार जलाउने बालेन शाह हो' भनेर टिप्पणीहरू हुन थालेपछि भने उनी चुप रहन सकेनन् । सामाजिक सञ्जालबाटै भए पनि जवाफ दिएका छन् । यससँगै जस्तो पायो त्यस्तो प्रश्नमा जवाफ नदिने बालेन शैलीमा ब्रेक >>> पृष्ठ २ मा

जेनजी आन्दोलनको एक महिना

# प्रहरी आफैं असुरक्षित, खाली गरिए ६० बिट

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ असोज

काठमाडौं उपत्यका प्रहरीको 'भिक्टर कन्ट्रोल' कल साइनबाट सोमबार साँझ नेपाल प्रहरीको उपत्यकाअन्तर्गत बिटका प्रहरीलाई एकाएक रिजर्भ फोर्सका लागि फिर्ता बोलायो । हामी नेपाल संस्थाका प्रमुख सुदन गुरुङसहित युवाहरूले निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकविरुद्ध किटानी जाहेरी दर्ता रोकेसँगै प्रहरीमाथि 'फेरि सडकबाटै देखाइदिने' धम्की दिएपछि सिंगो सुरक्षा संयन्त्रभित्रै त्रासदी बढेको हो ।

गुरुङको टिमले धम्क्याएपछि काठमाडौं प्रहरी परिसरले आफ्ना सबै वृत्तलाई हाइ अलर्टमा राखेर सम्पूर्ण बिटबाट प्रहरीहरू वृत्तमा तानिएको प्रहरी अधिकारी बताउँछन् । उपत्यकामा ६० वटा युनिट रहेका बिटमा जनशक्ति र साधन स्रोत कम भएकाले उनीहरूलाई वृत्तमा फिर्ता बोलाएको प्रहरी वरिष्ठ उपरीक्षक शेखर खनालले जानकारी दिए ।



काठमाडौं गोकर्णेश्वरस्थित स्थानीयको सहयोगमा पुनर्स्थापित प्रहरी बिट ।

नेताविरुद्धको किटानी जाहेरीका विषयमा प्रहरीले जेनजी अगुवाहरूलाई कानुनी उल्झन देखाएर रोकेको थियो ।

नेपाल प्रहरीमाथि जेनजी आन्दोलनका अगुवाहरूले ओली र लेखकलाई पक्राउ गर्न दबाब बढाएका छन् । आन्दोलनका क्रममा गोली चलाउन आदेश दिएको भन्दै ती नेताहरूलाई पक्राउ गरी फौजदारी कानुनअन्तर्गत कारबाही गर्नुपर्ने जेनजी आन्दोलनका अगुवाहरूले माग गर्दै किटानी जाहेरी बुझाएका थिए ।

आन्दोलनसँगै अस्तव्यस्त बनेको मुलुकको शान्ति सुरक्षा र नागरिकमा देखिएको अन्योलताको ग्राफ बढ्दो छ । आन्दोलनको बलमा राजनीतिक सरकार अपदस्थ गरी नागरिक सरकार बनाएका जेनजी आन्दोलनका अगुवाहरूको पछिल्लो हर्कतले देशको शान्ति सुरक्षामा चुनौती थपिनुका साथै नागरिक तहमा अन्योलता बढेको आम रूपमा टिप्पणी भइरहेको छ । यो घटनाले प्रहरीले नागरिकको जिउ धनको सुरक्षा >>> पृष्ठ २ मा

मुटुलाई माया गरौं ।
मुटुलाई स्वस्थ राख्न:
- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित आहार, फलफूल र हरियो सागसब्जी खाऔं,
- धूम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- पर्याप्त मात्रामा सुतौं,
- सक्रिय जिवनशैली अवलम्बन गरौं,
मुटुको नियमित परीक्षण गरौं !
नेपाल सरकार
विज्ञापन बोर्ड



आन्दोलनको समग्र क्षतिको अनुसन्धान गर्न बनाएको प्रहरीको छानबिन समितिले प्रतिवेदन बुझाउनै बाँकी रहेकाले यकिन तथ्यांक भन्न सक्ने अवस्थामा छैनौं । तर केही हतियार जलेको पाइए पनि धेरै हतियार आन्दोलन क्रममा लुटिएका कारण सुरक्षा चुनौती बढाएकै छ ।

■ विनोद घिमिरे
प्रवक्ता, नेपाल प्रहरी



भागेका १४ हजार ५ सय ५३ जना कैदीबन्दीमध्ये ९ हजार ११ जना फिर्ता भएका छन् । अझै ५ हजार ५ सय ३७ सम्पर्कमा छैनन् । ७७ जिल्लामा फरार कैदीबन्दी खोजी तथा पक्राउ अभियान सञ्चालन गरेका छौं ।

■ चोमेन्द्र न्यौपाने
निर्देशक, कारागार व्यवस्था विभाग



विद्यमान कानुनअनुसार आन्दोलन दबाएको अभियोगमा ओली र लेखकलाई पक्राउ गर्न सक्ने व्यवस्था छैन । पदीय दायित्व निर्वाह गर्दाखेरी कसको भूमिका के रह्यो भनेर आयोगको स्पष्ट प्रतिवेदन नआइसकेको अवस्थामा नेताहरुमाथि फौजदारी अभियोग लाग्न सक्ने अवस्था देखिँदैन ।

■ सीताराम केसी
वरिष्ठ अधिवक्ता

वैदेशिक रोजगार विशेष

# मलेसियाको 'इपिएफ'कार्यान्वयनमा आशंका

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, २१ असोज

मलेसिया सरकारले चालु अक्टोबर महिनादेखि लागू गरेको कर्मचारी सञ्चयकोष (इपिएफ) कार्यान्वयनमा कम्पनीबाट छलकपट हुन सक्ने कतिपयको आशंका छ ।

मलेसियाले अक्टोबर महिनादेखि लागू हुनेगरी सबै वैधानिक विदेशी कामदारको मासिक तलबबाट २ प्रतिशत र रोजगारदाता कम्पनीका तर्फबाट २ प्रतिशत गरी जम्माजम्मी ४ प्रतिशत रकम कटौती गरी इपिएफ खातामा अनिवार्य जम्मा गर्ने नियम लागू गरेको छ ।

इपिएफको खाता कम्पनीले अनलाइनमार्फत खोल्ने व्यवस्था छ । तर कतिपय रोजगारदाताले हालसम्म विदेशी कामदारको बैंक खाता नखोली हातमा नै तलब (क्यास ईन ह्याण्ड) दिने गरेका छन् । त्यसमा उनीहरूले गत फेब्रुअरीदेखि लागू गरिएको न्यूनतम मासिक तलब १७ सय रिंगेट नदिएको गुनासो नेपाली कामदारको छ । यस्तो अवस्थामा उनीहरूले कामदारको मासिक तलबबाट कट्टा गरेको रकम कामदारको सञ्चयकोष खातामा जम्मा नगरिदेलान् कि भन्ने डर धेरैलाई छ ।

कर्मचारी सञ्चयकोष बापत कट्टा गरिएको रकम रोजगारदाताले अनिवार्य रूपमा कोषमा जम्मा गरेको रकम कामदार कम्पनीबाट बिदा हुने समयमा फिर्ता दिने भनिएको छ ।

कम्पनीले सञ्चय कोषमा नियमानुसारको रकम जम्मा गरे नगरेको विवरण आगामी नोभेम्बर महिनाको पहिलो सातामा पाउने अक्टोबर महिनाको 'सेलरीको पे स्लिप'बाट यकिन हुनेछ । सम्भावित ठगीबाट बच्न 'पे स्लिप' अनिवार्य रूपमा लिन सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट आग्रह गरिएको छ । हाल मलेसियामा ठुलो संख्यामा नेपाली काम गर्ने सेक्युरिटी क्षेत्रमा कम्पनीले रकम जम्मा नगरी तलबबाट काटेको २ प्रतिशत रकम आफैंले राख्ने धेरैको चिन्ता देखिएको छ ।

यसका अतिरिक्त मलेसियामा अवैधानिक हैसियतमा लुकिछिपी काम गर्नेहरू कामदारको सुरक्षाका लागि ल्याइएको यस सञ्चयकोष सुविधाको व्यवस्थाबाट वञ्चित हुने देखिएका छन् । मलेसियामा आर्थिक रूपमा कमजोर र अपारदर्शी ढंगले चलेका कम्पनीहरूले मुख्य रूपमा अवैधानिक हैसियतमा बसेका विदेशी कामदार प्रयोग गर्ने गरेका छन् । तोकिएको भन्दा आधा तलब दिएर पूरा समय काममा लगाउने त्यस्ता कम्पनीमा काम गर्ने कामदार पहिलेदेखि नै ठगी तथा शोषणमा पर्ने गरेका छन् ।

मलेसियाले १ अक्टोबर २०२५ देखि लागू हुनेगरी सबै विदेशी कर्मचारीलाई कर्मचारी सञ्चय कोषमा योगदानको व्यवस्था आधिकारिक रूपमा विस्तार गरेको हो । यस व्यवस्थाले लामो समयदेखि रहेको आप्रवासी कर्मचारीलाई राष्ट्रिय अवकाश प्रणालीबाट बाहिर राख्ने छुटलाई समाप्त गरेको ठानिएको छ । परिवर्तनले तलब संरचना, रोजगार वर्गीकरणलगायतका क्षेत्रमा ठुलो परिवर्तन ल्याउने आँकलन गरिएको छ । मलेसियाको नयाँ व्यवस्थाले आप्रवासी कामदार प्रयोग गर्ने अन्य एसियाली र खाडी मुलुकमा समेत दीर्घकालीन प्रभाव छोड्ने विश्लेषण गरिएको छ ।

# दलहरूले खोजे सरकारसँग संवाद
# प्रधानमन्त्रीले देखाइन् निर्वाचन आयोग

कांग्रेस र एमालेको दुई तिहाइ बहुमतको सरकार सडकबाट फालेर बनेको नयाँ सरकारमा पुगेका प्रतिनिधिहरु फेरि तिनै दलका नेताहरुसँग संवाद गर्ने मुडमा छैनन् । यसकारण प्रधानमन्त्री सुशीला कार्कीले दलहरुसँग संवाद गर्ने जिम्मेवारी पनि निर्वाचन आयोगकै काँधमा सुम्पिएकी हुन् ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २१ असोज

राजनीतिक दलहरूले नयाँ सरकार बनेपछि नै संवादको वातावरण खोजिरहेका छन् । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वको अन्तरिम सरकारको मुख्य जिम्मेवारी चुनाव गराउने हो भन्नेमा दलहरू प्रस्ट छन् । तर सरकारले चुनाव गराउने वातावरणका लागि राजनीतिक दलहरूसँगै समन्वय गर्नुपर्ने उनीहरूको आग्रह छ ।

कांग्रेस र एमालेको दुई तिहाइको सरकार सडकबाट फालेर बनेको नयाँ सरकारमा पुगेका प्रतिनिधि फेरि तिनै दलका नेताहरूसँग संवाद गर्ने मुडमा छैनन् । यसकारण प्रधानमन्त्री सुशीला कार्कीले दलहरूसँग संवाद गर्ने जिम्मेवारी पनि निर्वाचन आयोगकै काँधमा सुम्पिएकी हुन् ।

मंगलबार निर्वाचन आयोगका पदाधिकारीहरूले प्रधानमन्त्रीको सरकारी निवास सिंहदरबार पुगेको प्रधानमन्त्री कार्कीसहितका अधिकारीसँग छलफल गरेको हो । जहाँ गृहमन्त्री ओमप्रकाश अर्याललगायतका मन्त्रीहरू थिए । सुरक्षा निकायका प्रमुखहरू थिए ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार सुरुमा आयोगका तर्फबाट मतदाता नामावली संकलन, दल दर्ता, निर्वाचन सामग्री व्यवस्थापनलगायतको विषयमा आयोगले आफ्नो तयारीबारे जानकारी गराउने काम भयो । त्यसपछि सरकारको र सुरक्षा निकायका तर्फबाट विषय प्रस्तुत भए । एकै चरणमा चुनाव गर्न सकिन्छ कि सकिँदैन भनेर समेत छलफल भयो ।

निर्वाचन आयोगले सोमबार मात्रै निर्वाचन निर्वाचन कार्यतालिका सार्वजनिक गरेको थियो । कार्यतालिका सार्वजनिक भएको भोलिपल्टै आयोगले प्रधानमन्त्रीसँग छलफल गरेको हो । यसको कारण थियो- राजनीतिक दलहरूले आफूहरूसँग सल्लाह नै नगरी तालिका आएको >>> पृष्ठ २ मा



निर्वाचन जसरी पनि गर्नुपर्छ । चुनावको माहोल सिर्जना गर्नुस् वातावरण बनाउनुस् । सर्वपक्षीय बैठक राख्नुस् । बैठक निर्वाचन आयोगले नै राख्ने हो ।

■ सुशीला कार्की
प्रधानमन्त्री

कर्मचारी आवश्यकता
यसै कम्पनीलाई निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा अनुभवी व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
पब्लिक रिलेशन अफिसर - ५ (पुरुष/महिला)
डकुमेन्टेशन अफिसर - ५ (पुरुष/महिला)
आकर्षक तलबको व्यवस्था
कम्तिमा मेनपावर क्षेत्रमा ५ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
९८२३४८६६८१, ९८१९७७९८६७
hr@mobhiraservices.com
Mobhira Recruitment Consultancy Services Pvt. Ltd.
Chakrapath, Kathmandu
Tel: 01-4378842, 4378936

# विपद्मा बेपत्ताको खोज तथा उद्धारलाई निरन्तरता दिइने



**काठमाडौं/मस–** विपद् न्यूनीकरण परिषद्को १९औं बैठकले प्राकृतिक विपद्मा परी बेपत्ता भएकाको खोज तथा उद्धारलाई निरन्तरता दिने निर्णय गरेको छ । सो निर्णयसँगै उक्त कार्यमा खटिन गृह मन्त्रालय र सबै सुरक्षा निकायलाई निर्देशन दिएको छ ।

अवरुद्ध सडक खुलाउन, अव्यवस्थित यातायातलाई सहज बनाउन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय गरी तत्काल व्यवस्था मिलाउने निर्णय समेत बैठकले गरेको छ ।

खानेपानी, विद्युत् र सञ्चार सेवा अवरुद्ध भएका स्थानमा सम्बन्धित निकायले यथाशीघ्र पुनःसञ्चालन गर्ने व्यवस्था मिलाउने निर्णय गरिएको छ । राहत सामग्री वितरणमा दोहोरोपन हुन नदिन स्थानीय तहमार्फत एकीकृत प्रणाली अपनाइ वितरण गर्ने नीति तय गरिएको छ । मृतक र बेपत्ता परिवारलाई प्रचलित कानुनअनुसार राहत उपलब्ध गराउन गृह मन्त्रालयमार्फत प्रक्रिया अघि बढाउने तथा घाइतेको निःशुल्क उपचार सुनिश्चित गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने निर्णय गरिएको छ ।

महामारी फैलिन सक्ने सम्भावनालाई मध्यनजर गरी खानेपानी मन्त्रालयले सुरक्षित पानी आपूर्तिको तयारी र स्वास्थ्य मन्त्रालयले जनचेतना, स्वास्थ्य शिविर र मनो-सामाजिक सहयोग कार्यक्रम सञ्चालन गर्ने निर्णय गरिएको छ । घरबारविहीन भएका नागरिकका लागि स्थानीय तहसँगको सहकार्यमा लाभग्राही पहिचान गरी अस्थायी आवास निर्माण प्रक्रिया सुरु गर्ने तथा मापदण्ड २०८१ बमोजिम अनुदान रकमको पहिलो किस्ता तुरुन्त उपलब्ध गराउने व्यवस्था मिलाइने भएको छ ।

बैठकले स्वास्थ्य सेवा, सरसफाइ र औषधि आपूर्तिमा विशेष ध्यान दिन स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिएको छ । साथै, शिक्षा मन्त्रालयलाई प्रभावित विद्यालय परिसरमा अस्थायी आवासका लागि स्थान उपलब्ध गराउन आग्रह गरेको छ ।

उद्धार र राहत सामग्री वितरणमा सक्रिय भूमिका निर्वाह गरेका सुरक्षा निकाय तथा स्वयंसेवी संस्थाको योगदानप्रति आभार व्यक्त गर्दै मनोवैज्ञानिक सहयोगका लागि स्वास्थ्य मन्त्रालयअन्तर्गतको मानसिक स्वास्थ्य शाखालाई स्थानीय तहसँग समन्वयमा कार्यक्रम सञ्चालन गर्न निर्देशन गरिएको छ ।

बैठकमा असोज १७ गतेदेखि हालसम्मको वर्षा र त्यसबाट देशभरमा भएका क्षति, उद्धार तथा पुनःस्थापनाको अवस्थाबारे विस्तृत समीक्षा गरिएको थियो ।

# यात्रुसँग बढी भाडा लिने सवारीसाधन धमाधम कारबाहीमा




**काठमाडौं/मस–** काठमाडौं फर्कने यात्रुसँग बढी भाडा लिएको गुनासोपछि चितवनस्थित स्थानीय प्रशासनले अनुगमन गरी बढी भाडा लिने सवारीसाधनका चालक र धनीलाई कारबाही गरेको छ ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको नेतृत्वमा अनुगमनमा गएको सुरक्षा निकायका प्रमुखसहितको टोलीले उनीहरुलाई कारबाही गरेको हो । जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक गायत्री शर्माका अनुसार नारायणगढको पुलचोक, पोखरा बसपार्क र आँपटारीमा प्रमुख जिल्ला अधिकारी अर्याल, प्रहरी उपरीक्षक गोविन्द पुरी, राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख सुरेश तिवारीसहितको टोलीले सडकमा जाँच गरी कारबाही गरेको हो । सो क्रममा बढी भाडा लिने ६ जनालाई नियन्त्रणमा लिइएको छ । यात्रुलाई बढी भाडाको टिकट दिएर चलानीमा कम रकम उल्लेख गरेर ठगी गरेकालाई कारबाही गरिएको हो । सो क्रममा २५ माइक्रोबसले उठाएको बढी भाडा फिर्ता समेत गरिएको प्रहरी निरीक्षक शर्माले बताइन् ।प्रमुख जिल्ला अधिकारी अर्यालयका अनुसार चलानीबिना यात्रु लिएर हिँडेका सवारी चालक र बढी भाडा असुल गरेकालाई सचेत गराइएको, भाडा फिर्ता गराइएको, जरिवाना लगाइएको र नियन्त्रणमा लिइएको छ । अटेर गरेकालाई पक्राउ गरी कालोबजारी ऐनअन्तर्गत कारबाही प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए । चितवन हुँदै काठमाडौंतर्फ गुड्ने सवारीसाधनमा अनुगमन गरिएको हो ।

दशैं मानेर काठमाडौं फर्किनेको चाप बढेपछि यातायात व्यवसायीले उनीहरुबाट चर्को भाडा असुल्ने गरेको गुनासो सुनेपछि नियमित रुपमा अनुगमन गर्न थालिएको प्रहरी उपरीक्षक पुरीले बताए ।

यसैबीच दशैं सकिएपछि कार्यक्षेत्र फर्किने यात्रुहरूबाट सार्वजनिक यातायात व्यवसायीले दोब्बरसम्म भाडा असुलेको गुनासो बढेपछि गोरखामा प्रमुख जिल्ला अधिकारी (प्रजिअ) रामुराज कडरिया र जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी भरत बिकको टोलीले मंगलबार बिहान विभिन्न स्थानमा अनुगमन गरेका छन् । अनुगमन टोलीले बसपार्क, हरमटारीचोक, घ्याम्पेशाल बसपार्क र बारकिलो बजार क्षेत्रमा पुगेर सार्वजनिक सवारी व्यवस्थापनको अवस्था निरीक्षण गरेको हो । एसपी भरत विकले अनुगमनका क्रममा केही यात्रुबाट बढी भाडा असुलिएको पाइएको र सो भाडा फिर्ता गराइएको जानकारी दिए । प्रजिअ कडरियाले चाडबाडको मौका पारेर यात्रु ठग्ने प्रवृत्ति रोक्न स्थानीय प्रशासन गम्भीर रहेको बताए । स्थान-स्थानमा यात्रुलाई जानकारी दिइएको, भाडा सूची झुण्ड्याइएको र जनगुनासो तत्काल सम्बोधन गर्न ट्राफिक र प्रहरीलाई निर्देशन दिइएको प्रशासनले जनाएको छ ।

यसैबीच लमजुङ ट्राफिकले प्रवेशद्वार पाउँदीमा चेकजाँच गर्नेक्रममा मंगलबार बढी भाडा लिइएको पाइएपछि ३७ जना यात्रुको बढी भाडा फिर्ता गरेको छ । बाहिरबाट आएर पाउँदी झर्ने यात्रुसँग सोधखोज गर्नेक्रममा बढी भाडा लिएको पाइएपछि यात्रुले तिरेको बढी भाडा फिर्ता गरिएको हो । बढी भाडा लिने सवारी साधनलाई पहिलो पटकका लागि अब त्यस्तो नगर्ने सर्तमा छोडिएको जिल्ला ट्राफिक कार्यालय लमजुङले जनाएको छ ।

# शहीद परिवारको निःशुल्क बिमा




**जनकपुरधाम/मस–** प्रदेश सरकारले मधेशी प्रतिष्ठानसँगको समन्वयमा मधेश आन्दोलनका क्रममा शहीद भएका १ सय ४० जनाका परिवारको निःशुल्क स्वास्थ्य बिमा गरेको छ ।

प्रतिष्ठानका अध्यक्ष शुभम् यादवका अनुसार अब २४ जनाको बिमा गर्न बाँकी छ । मधेश र तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)ले गरेको आन्दोलनमा एक हजार छ जना घाइते वा अंगभंग भएका सबैको बिमा गर्ने प्रतिष्ठानको लक्ष्य छ ।

शहीद परिवारका पाँच जनालाई भने प्रदेश सरकारले प्रतिष्ठानमार्फत तीन हजार ५ सय बिमा शुल्क प्रदान गर्दै आएको छ ।

# आगजनी तथा तोडफोड गरेको आरोपमा पक्राउ



**कास्की/मस–** गत असोज १२ गते राति गण्डकी प्रदेशका मुख्यमन्त्रीको निवासमा आगजनी गरेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरेको छ ।

आगजनीपछि फरार भएको सूचनाका आधारमा प्रहरीले रुपन्देहीको तिलोत्तमा नगरपालिका-४ घर भई हाल पोखरा-७ राष्ट्र बैंक चोक बस्ने २२ वर्षीय संयोग थापालाई नियन्त्रणमा लिइ अनुसन्धान गरिरहेको जिल्ला प्रहरीका सूचना अधिकारी हरिबहादुर बस्नेतले जानकारी दिए ।

# 'भरपर्दो एवं गुणस्तरीय सेवासहित जनताका समस्या सम्बोधन गर्न निर्देशन'



**काठमाडौं/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले विद्युत् प्रणालीलाई अझ भरपर्दो, गुणस्तरीय, सुरक्षित र सेवाग्राहीमैत्री बनाउन निर्देशन दिएका छन् ।

विद्युत् आपूर्तिमा समस्या देखिन थालेको भनी देशका विभिन्न ठाउँबाट गुनासा आइरहेको भन्दै ऊर्जामन्त्री घिसिङले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन नीति तथा कार्यक्रमसहित आमजनताको माग सम्बोधन गर्न सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिएका हुन् ।

हालै आएको बाढी, पहिरोले क्षति पुर्‍याएका संरचनाहरूको तत्काल मर्मतसम्भार गरी विद्युत् सेवा सञ्चालन गर्नुपर्नेमा जोड दिँदै नेपाल विद्युत प्राधिकरणका पूर्व कार्यकारी निर्देशक समेत रहेका ऊर्जामन्त्री घिसिङले भने, ' विद्युत् गृहहरूको पूर्ण उपयोग गरी प्रसारण लाइन तथा सबस्टेसनलाई पूर्ण क्षमतामा सञ्चालन गर्न, विद्युत् आपूर्तिका लागि महत्वपूर्ण मानिएका मर्स्याङ्दी करिडोरअन्तर्गतको २२० केभी, हेटौँडा-ढल्केबर ४०० केभी प्रसारण निर्माणमा विशेष ध्यान दिन तथा आगामी हिउँदयामको विद्युत् व्यवस्थापन गर्नेगरी योजनबद्ध रुपमा नीति तथा कार्यक्रम ल्याउन अब ढिलाइ गर्न भएन ।'

यसै सन्दर्भमा काठमाडौंको स्युचाटारस्थित विद्युत केन्द्रको अनुगमन गर्दै उनले मन्त्री देशभरका विद्युत् उत्पादन, प्रसारण र वितरण प्रणालीको अवस्था, ग्रिड सञ्चालन, विद्युत् माग तथा आपूर्ति व्यवस्थापन, विद्युत् निर्यात, बाढी पहिरोबाट क्षति भएका विद्युत् आयोजनालगायतका विषयमा जानकारी लिएका थिए ।

प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले विद्युत् उत्पादन, माग, आपूर्ति, निर्यात, प्रणाली सञ्चालनको अवस्था तथा समस्यालगायत विषयमा जानकारी गराउँदै चुस्तदुरुस्त विद्युत् व्यवस्थापनमा कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे ।

कार्यकारी निर्देशक सिलवालले बाढी, पहिरोले क्षति पुर्‍याएका संरचना मर्मत गरी विद्युत् सेवा चालु गराउने गरी प्राविधिक जनशक्तिसहितको टोली तयारी अवस्थामा राखेको तथा मितव्ययी भई स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै आमजनता एवं सेवाग्राहीको समस्या समाधान गर्ने पक्षमा प्राधिकरण परिवार प्रतिबद्ध रहेको स्पष्ट गरे ।

# विपन्नलाई आवास



**सुर्खेत/मस–** कर्णाली प्रदेश सरकारले गरिव तथा विपन्नका लागि हालसम्म चार हजार ८ सय ५६ घर निर्माण गरेको छ । जनता आवास (प्रदेश), जनता आवास (संघ) र विपन्नको घर निर्माण कार्यक्रमअन्तर्गत कर्णालीका १० जिल्लाका विभिन्न पालिकामा घर निर्माण गरिएको हो ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता रमेश सुवेदीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा जनता आवास (सङ्घ)तर्फ तीन हजार १ सय ५० घर निर्माण भएका थिए । त्यस्तै जनता आवास (प्रदेश)ले ५ सय २२ घर गरिव तथा विपन्न स्थानीयबासीका निर्माण गरेको थियो । आव २०८१/८२ मा संघले ३ सय ८० र प्रदेशले १ सय ८४ घर निर्माण गरेको प्रवक्ता सुवेदीले जानकारी दिए । त्यस्तै विपन्नको घरतर्फ आव २०८०/८१ मा ३ सय ९७ घर र आव २०८१/८२ मा २ सय २३ घर निर्माण गरिएको थियो ।

आव २०८१/८२ मा जनता आवास संघतर्फ सबैभन्दा बढी कालिकोटमा कालिकोटमा १ सय ८१ घर निर्माण गरिएका थिए । सुर्खेतमा १ सय ४२, दैलेखमा ३८ र जाजरकोटमा १९ घर निर्माण गरिएको छ । जनता आवास प्रदेशतर्फ सुर्खेतमा ३३, दैलेखमा १४, सल्यानमा १६, रुकुम पश्चिममा २३, जाजरकोटमा २७, डोल्पामा १४, जुम्लामा २१, मुगुमा ६, कालिकोटमा १० तथा हुम्लामा २० घर निर्माण गरिएका छन् ।

विपन्नको घर निर्माण कार्यक्रमअन्तर्गत सुर्खेतमा ३६, दैलेखमा ३९, सल्यानमा १३, रुकुम पश्चिममा २३, जाजरकोटमा २३, डोल्पामा ११, जुम्लामा २०, मुगुमा ८, कालिकोटमा ३० तथा हुम्लामा २० घर निर्माण गरिएको प्रवक्ता सुवेदीले जानकारी दिए । आव २०८१/८२ मा ७ सय ८७ घर निर्माण गरिएका छन् ।

**कुवेतमा रोजगार** | कम्पनी: AL HAMRA RESTAURANT AND CAFE COMPANY | शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८१/०२/३१ चलानी नं.: ६०२२११३८ LT. No.:306438 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ५५,६६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners | 4 | 3 | | 100 | ४६,३८७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

HABiBi International Recruitment Pvt.Ltd. Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com

**Saudi मा रोजगार**
AL Amara International Trading & Contracting Company Ltd.
पूर्व स्वीकृति मितिः २०८२/०६/२१ चलानी नं.: ६०२४५५८८ LT No. 331892

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Loading & Unloading Workers | 10 | 0 | [illegible] | 1000 | ३७,८३०।- | क.नि. अनुसार | [illegible] | [illegible] | क.नि. अनुसार | छ | छ | [illegible] |

Catrion Catering Holding Company पूर्व स्वीकृति मितिः २०८२/०६/२१ चलानी नं.: ६०२४५५८७ LT No. 331923

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Worker | 30 | 0 | [illegible] | 1000 | ३७,८३०।- | क.नि. अनुसार | [illegible] | [illegible] | क.नि. अनुसार | छ | छ | [illegible] |

अन्तरवार्ता २०८२ असोज २९ गते (15 Oct., 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

लक्की एच.आर. सोलुसन प्रा. लि.
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com

Province Government
Koshi Province
**Ministry of Health**
**Provincial Hospital, Bhadrapur, Jhapa**

**Invitation for Electronic Bids**

**Contract Identification Number: PHB/KOSHI/NCB/G/2082/83-11**
**Date of Notice Publication: 8 October 2025**

1. The Provincial Hospital, Bhadrapur, Jhapa invites Electronic Bids for the procurement of Goods "Supply, Delivery, Installation, Testing and Commissioning of Medical Equipment at Provincial Hospital, Bhadrapur, Jhapa" under National Competitive Bidding (NCB) – Single Stage Two Envelope Bidding procedures.
2. Other details are as follows:

| Cost of Bidding Document | Pre-Bid Meeting Date and Time | Bid Security Amount | Validity Period of Bid Security | Bid Submission Deadline | Bid Opening Date and Time | Bid Submission Through |
|---|---|---|---|---|---|---|
| NRs. 3,000 | 28 October 2025, 1:00 P.M. | Minimum NRs. 330,000 | Minimum 8 March 2026 | 9 November 2025, on or before 1:00 P.M | 9 November 2025, 1:15 P.M. | e-GP System of PPMO |

3. Interested Bidders may obtain further information and inspect the Bidding Document at the office of Provincial Hospital, Bhadrapur, Jhapa or may visit e-GP system of PPMO: www.bolpatra.gov.np/egp.

मध्यान्ह
www.madhyanhadaily.com
२२ असोज २०८२ बुधबार
8 October 2025 Wednesday

सम्पादकीय

## शान्तिसुरक्षा देऊ मुठभेडमा जान रोक

युवा आन्दोलन भड्किएर दलीय गठबन्धन सरकार ढलेर नागरिक सरकार बनेको झन्डै एक महिना पुग्दै छ । यसबीचमा न सरकारले पूर्णता पाएको छ न त अन्योलग्रस्त परिस्थितिमा उल्लेख्य सुधार आएको छ । खल्बलिएको शान्ति सुरक्षा सम्हाल्न नसक्दा आमनागरिक ढुक्क हुने स्थिति छैन । आन्दोलनकारीका नाममा विभिन्न समूहले प्रहरीलाई नै धम्क्याइरहेका छन् । एउटा समूहले सडकबाट देखाइदिन्छु भन्दै धम्की दिएपछि सोमबार मध्यरातसम्म गृह मन्त्रालय र प्रधानमन्त्री निवासमा सुरक्षा प्रमुखहरूको बैठक बस्यो । मुलुक अर्को सडक आन्दोलन थाम्न नसक्ने अवस्थामा छ । किनभने प्रहरीका हजारौं हतियार र पोसाक लुटिएका छन् । अनि हतियार चलाउन जान्ने सयौं कैदी जेनजी आन्दोलनको लाभ उठाउँदै भागेका छन् । आन्दोलन र झडपको स्थिति आएमा सक्कली र नक्कली प्रहरी छुट्ट्याउनसमेत कठिन हुने भन्दै प्रहरी प्रमुखले आन्दोलन रोक्न गृहमन्त्री ओमप्रकाश अर्यालसँग हारगुहार गरेको खबर बाहिरिएको छ । प्रहरीको मनोबल कतिसम्म गिरेको छ भने सम्साँझै बिट छाडेर हिँड्न थालेका छन् । जसका कारण काठमाडौंको चक्रपथ बाहिरका पालिका र टोलहरूमा शान्ति सुरक्षाको स्थिति दयनीय भइसकेको छ । चाडपर्वमा चोरी बढेपछि टोलवासी नै रात्रि गस्ती गर्नुपर्ने स्थितिमा पुगेका छन् ।

शान्तिसुरक्षाको स्थिति नाजुक रहेकै बेला जेनजी समूहहरू र दलीय भ्रातृ संगठन एकअर्काविरूद्ध आरोप-प्रत्यारोपमा उत्रिएका छन् । अन्तरिम सरकार एकातर्फ भदौ २४ मा भएको विध्वंशमा संलग्नताको आरोपमा पक्राउ परेका व्यक्तिलाई रिहा गर्न प्रहरीलाई निर्देशन दिइरहेको छ भने अर्कोतर्फ २३ भदौको प्रहरी दमनलाई लिएर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न कानुनी आधार खोजिरहेको छ । प्रहरीले ओली र लेखकविरूद्ध जाहेरी लिएर उच्चस्तरीय जाँचबुझ आयोगमा पठाएपछि एमालेनिकट विद्यार्थी संगठन अनेरास्ववियु पनि प्रहरी हत्या, सिंहदरबार, सर्वोच्च अदालत, शीतल निवास, सर्वोच्च अदालतमा भएको आगजनीमा संलग्नताको अरोप लगाउँदै काठमाडौंका मेयर बालेन शाह र हामी नेपाल संस्थाका प्रमुख सुदन गुरूङविरूद्ध जाहेरी लिएर प्रहरीमा पुगेको छ । एकअर्काविरूद्ध आरोप-प्रत्यारोप र सरकारको रबैयाले परिस्थिति मुठभेडतर्फ जाने चिन्ता बढेको छ ।

मुलुकलाई राजनीतिक मुठभेडमा लैजाने कोसिसलाई रोक्नु अन्तरिम सरकारको दायित्व हुन्छ । नेपाल प्रहरीको मनोबल बढाएर आमनागरिकलाई शान्तिसुरक्षाको प्रत्याभूति गराउनसक्दा मात्र नागरिक सरकारको औचित्यको पुष्टि हुन सक्छ । जेनजी अगुवाको प्रतिनिधित्व हुनेगरी छिटोभन्दा छिटो सरकारलाई पूर्णता दिनुपर्छ । परराष्ट्र, स्वास्थ्य, श्रम तथा रोजगारजस्ता महत्वपूर्ण मन्त्रालय लामो समय खाली रहँदा स्वदेशमा मात्र होइन, अन्तर्राष्ट्रिय सम्बन्धसमेत प्रभावित हुन्छ । आफ्नो संकल्प र दायित्वप्रति प्रस्ट भइ अघि बढ्दा मात्र सरकारले आन्दोलनकारी शक्ति, राजनीतिक दल, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र आमनागरिकको विश्वास जित्न सक्छ । मुलुकलाई मुडभेठमा लैजाने र धमिलो पानीमा माछा मारेर अनन्तकालसम्म अनिश्चयको भूमरीमा फसाउने खेल पनि भइरहेको संकेत छन् । त्यो चक्रब्युहबाट जोगिने पहिलो सर्त शान्तिसुरक्षा र सुव्यवस्था कायम गर्नु हो ।

# कर्मचारीतन्त्रमा पुनर्संरचनाको सवाल

*राज्य सञ्चालन गर्ने र प्रशासनिक तथा विकास कार्यान्वयन गर्ने जिम्मेवारी कर्मचारीतन्त्रको हातमा हुन्छ । तर यो संयन्त्र विगतमा जस्तै अहिले पनि भ्रष्टाचार, ढिलासुस्ती, पक्षपात र नवप्रवर्तनविहीन सोचले ग्रसित छ ।*

अग्रलेख



● सन्देश अर्याल

नेपालमा दशकौंदेखि राजनीतिक परिवर्तनहरूको लहर छ । प्रजातन्त्रको स्थापनादेखि गणतन्त्रको घोषणासम्म, राजनीतिक प्रणाली र नेतृत्व बारम्बार परिवर्तन भए पनि जनताको जीवनस्तरमा अपेक्षित सुधार आउन सकेको छैन । यसले एउटा प्रश्न उठाइरहेको छ- के समस्या केवल राजनीतिक नेतृत्वमै सीमित छ त ? वा त्यो भन्दा गहिरो, संस्थागत तहमा रहेको छ ? यसको उत्तर खोज्न जाँदा प्रस्ट हुन्छ कि समस्या नेपालको कर्मचारीतन्त्रमा गहिरो रूपमा गढेको छ । स्थायी सरकारको रूपमा चिनिने यो संयन्त्र न त समयसँगै अनुकूलित भएको छ, न त पारदर्शिता र जवाफदेहिताको आदर्श अपनाउन सक्षम भएको छ । यसैले कर्मचारीतन्त्रको पुनर्संरचना अब विलम्ब गर्नुहुन्न, यो एक अनिवार्य कदम बनिसकेको छ ।

नेपालमा सरकार परिवर्तन हुनु कुनै नयाँ कुरा होइन । केही महिनामा एकपटक मन्त्रिपरिषद् फेरिन्छ, प्रधानमन्त्री बदलिन्छन्, नीति र प्राथमिकतामा हेरफेर हुन्छ । तर यिनै नीति कार्यान्वयन गर्ने संयन्त्र भने सधैंजसो उस्तै रहन्छ - पुरानै सोच, प्रवृत्ति र कार्यशैलीमा लिप्त । साँचो अर्थमा राज्य सञ्चालन गर्ने, प्रशासनिक तथा विकास कार्यान्वयन गर्ने जिम्मेवारी कर्मचारीतन्त्रको हातमा हुन्छ । तर, यो संयन्त्र विगतमा जस्तै अहिले पनि भ्रष्टाचार, ढिलासुस्ती, पक्षपात र नवप्रवर्तनविहीन सोचले ग्रसित छ ।

राजनीतिक परिवर्तनका पछाडि सधैं जनताको ठुलो अपेक्षा हुन्छ - सुशासन, सेवा प्रवाहमा सुधार, पारदर्शिता र समृद्धि । तर यी अपेक्षा तब मात्र पूरा हुन सक्छन् जब नीति निर्माणसँगै कार्यान्वयन संयन्त्र सक्षम, निष्ठावान् र उत्तरदायी हुन्छ । नेपालमा नीति बनाउन कहिल्यै कमी देखिँदैन - हरेक सरकारका आफ्नै रणनीति, योजना र दस्ताबेज हुन्छन् । तर कार्यान्वयन गर्ने कर्मचारीतन्त्र भने पुरानै संरचना, सोच र प्रवृत्तिमा बाँधिएको छ । यही बाध्यता हो कि राम्रो नीति पनि परिणामहीन बन्छ ।

नेपालको कर्मचारीतन्त्रमा समस्या संरचनात्मक मात्र होइन, नैतिक र मनोवैज्ञानिक तहसम्म पुगेको छ । लामो समयदेखि निष्क्रियता, राजनीतिक आस्थाका आधारमा पदोन्नति, अनुशासनहीनता र भ्रष्टाचारले यो संयन्त्रलाई कुरूप बनाएको छ । जनतासँग प्रत्यक्ष सम्बन्धित सेवाहरू - शिक्षा, स्वास्थ्य, स्थानीय प्रशासन, भूमि व्यवस्था, कर प्रणाली, सुरक्षा सेवालगायतका क्षेत्रहरूमा जनगुनासोको मूल कारण कर्मचारीको उदासीनता र अनियमितता हो । कतिपय अवस्थामा त कर्मचारीहरू आफ्नो जिम्मेवारीमाथि कुनै उत्तरदायित्व बोध नै गर्दैनन्, जसले गर्दा सम्पूर्ण प्रणाली नै अविश्वसनीय बन्छ ।

यो विडम्बना हो कि नेपालमा कुनै पनि सरकारले भ्रष्टाचार नियन्त्रणको प्रतिबद्धता नगरेको होइन । तर कर्मचारीतन्त्रको संरचनामा मूलभूत परिवर्तन नगरी, केवल केही व्यक्तिमाथिको कारवाही गरेर वा ऐनकानून बनाउँदै मात्र भ्रष्टाचार हट्न सक्दैन । भ्रष्टाचार अहिले व्यक्तिको बानी नभएर संस्थागत चरित्र बनिसकेको छ । यसको जडमा पुगेर समाधान नगरेसम्म कुनै पनि सुधार कार्यक्रम दीर्घकालीन हुन सक्दैन ।

त्यसैले, नेपालमा कर्मचारीतन्त्रको पुनर्संरचना केवल सुधारको विषय होइन, यो परिवर्तनको मूल आधार हुनुपर्ने हुन्छ । यसका लागि पहिलो कदम भनेको कार्यसम्पादन मूल्यांकन प्रणालीलाई पारदर्शी र निष्पक्ष बनाउनु हो । हालको मूल्यांकन प्रणाली औपचारिकता मात्र भएकोले असक्षम कर्मचारी पनि पदोन्नत



भइरहेका छन्, सक्षम कर्मचारी हतोत्साहित भएका छन् । मूल्यांकन कार्यसम्पादन, नवप्रवर्तन, सेवाप्रतिको निष्ठा र जनसन्तुष्टिको आधारमा हुनुपर्ने हो ।

अर्को महत्वपूर्ण पक्ष भनेको कर्मचारी चयन प्रक्रियामा आमूल सुधार हो । लोकसेवा आयोगले परीक्षा प्रणालीलाई अझ व्यावहारिक, समयसापेक्ष र दक्षता आधारित बनाउनुपर्ने हुन्छ । केवल ज्ञान र परिक्षा उत्तीर्णले मात्र सक्षम कर्मचारी उत्पादन हुँदैन, व्यावहारिक कौशल, नीतिगत सोच र नेतृत्व क्षमताका आधारमा पनि मूल्यांकन आवश्यक छ । साथै, सेवा प्रवाहका संवेदनशील क्षेत्रमा कर्मचारीलाई तालिम, मनोवैज्ञानिक सशक्तीकरण र निरन्तर व्यावसायिक विकासको अवसर प्रदान गरिनुपर्छ ।

कर्मचारीको स्थानान्तरण, पदोन्नति र पुरस्कार प्रणाली पनि निष्पक्ष र मापनयोग्य मानकमा आधारित हुनुपर्छ । हालको अवस्थामा राजनीतिक पहुँच, चाकडी र सञ्जालको आधारमा यी प्रक्रिया सञ्चालन हुने गरेका छन् । यस्तो प्रवृत्तिले इमानदार कर्मचारीलाई निरुत्साहित गरिरहेको छ, र गलत प्रवृत्तिलाई प्रोत्साहन दिएको छ । यसले सम्पूर्ण प्रणालीप्रति जनविश्वास गुम्ने स्थिति सिर्जना गरेको छ । पुनर्संरचनाको अर्को पक्ष भनेको प्रशासनिक विकेन्द्रीकरण हो । नेपाल संघीयतामा प्रवेश गरिसकेको छ, तर कर्मचारीतन्त्र अझै एकात्मक संरचनामा सीमित देखिन्छ । स्थानीय तहमा अधिकार पुगे पनि क्षमता निर्माण र जनउत्तरदायी कर्मचारी नहुँदा त्यो अधिकार प्रयोगमै सीमित भएको छ । स्थानीय तहमा गुणस्तरीय सेवा प्रवाहका लागि दक्ष र प्रतिबद्ध कर्मचारीको खाँचो छ, जुन अहिलेको प्रणालीबाट सम्भव देखिँदैन । त्यसैले स्थानीय प्रशासनलाई सबल बनाउन केन्द्रबाट मात्र होइन, संरचना, नीति र स्रोतसाधनको पुनर्विन्यास आवश्यक छ ।

यसबाहेक, प्रविधिको प्रयोगमार्फत पारदर्शिता र दक्षता बढाउनु पनि पुनर्संरचनाको महत्वपूर्ण अंग हो । इ-गभर्नेन्स, डिजिटल सेवा प्रवाह, अनलाइन अनुगमन र जनप्रतिनिधिको सहभागी मूल्यांकन प्रणाली लागू गरिनुपर्छ । प्रविधिले सेवाप्रवाहमा प्रत्यक्ष निगरानी र नागरिक सहभागिता सुनिश्चित गर्न सक्नेछ ।

तर सबैभन्दा गम्भीर प्रश्न भनेको - के पुनर्संरचना सम्भव छ त ? यसका लागि राजनीतिक इच्छाशक्ति अनिवार्य शर्त हो । विडम्बना के छ भने, राजनीतिक नेतृत्वहरू स्वयं कर्मचारीतन्त्रमा आधारित छन् । उनीहरूले सत्ताको उपयोग कर्मचारीको माध्यमबाट गर्ने गरेका छन्, जसले पुनर्संरचनाको सम्भावना कमजोर बनाउँछ । तर दीर्घकालीन सोच, जनदबाब र विवेकशील नेतृत्वको उदयले मात्रै यो सञ्जाल तोड्न सक्छ । जनताको सहभागिता, सञ्चारमाध्यमको निगरानी र नागरिक सचेतनाको विस्तारले पनि परिवर्तनको दवाब सिर्जना गर्न सक्छ ।

> *बारम्बारको सरकार परिवर्तनले होइन, कर्मचारीतन्त्रमा भएका विकृति हटाएर मात्र साँचो परिवर्तन सम्भव हुन्छ । स्थायी सरकारको रूपमा रहेको कर्मचारीतन्त्रले जबसम्म जनउत्तरदायी, पारदर्शी र निष्ठावान् चरित्र ग्रहण गर्दैन, तबसम्म नेपालमा कुनै पनि राजनीतिक परिवर्तनले अर्थ राख्दैन ।*

संक्षेपमा भन्दा नेपालको वास्तविक संकट केवल राजनीतिक नेतृत्वको होइन, कर्मचारी संयन्त्रको संकट हो । बारम्बारको सरकार परिवर्तनले होइन, कर्मचारीतन्त्रमा भएका विकृति हटाएर मात्र साँचो परिवर्तन सम्भव हुन्छ । स्थायी सरकारको रूपमा रहेको कर्मचारीतन्त्रले जबसम्म जनउत्तरदायी, पारदर्शी र निष्ठावान् चरित्र ग्रहण गर्दैन, तबसम्म नेपालमा कुनै पनि राजनीतिक परिवर्तनले अर्थ राख्दैन । त्यसैले अब ढिलो नगरी, कर्मचारीतन्त्रको पुनर्संरचना एक राष्ट्रिय एजेन्डा बन्नु अत्यावश्यक छ - किनभने सुधार अब विकल्प होइन, अपरिहार्य बनिसकेको छ ।

## इतिहासमा आज

८ अक्टोबर १९७४ मा फ्याँकलिन नेसनल बैंक धोखाधडी र कुप्रबन्धनको कारण ध्वस्त भयो । जसलाई संयुक्त राज्य अमेरिकाको इतिहासकै सबैभन्दा ठुलो बैंक असफलता मानिन्छ ।



८ अक्टोबर १९८२ मा पोल्यान्डले सबै खालका ट्रेड युनियनहरूमाथि प्रतिबन्ध लगायो । जसले पोल्यान्डमा ठुलो आक्रोश सिर्जना गरेको थियो ।




८ अक्टोबर १९९१ मा ब्रियोनी सम्झौताको म्याद सकिएपछि, क्रोएसिया र स्लोभेनियाले युगोस्लाभियासँग सबै आधिकारिक सम्बन्ध तोडेका थिए ।




८ अक्टोबर २००५ मा कास्मिरमा गएको ७.६ रेक्टर स्केलको भूकम्पले ८७ हजार मानिसहरूको मृत्यु भएको थियो भने ७५ हजारभन्दा बढी घाइते र २८ लाख घरबारविहीन भएका थिए ।




## सामाजिक सञ्जाल



डम्बर खतिवडा

जेनजीले अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईको राजीनामा माग जायज छ । आयल निगम जग्गा, वाइडवडी जहाज खरिद र भुटानी शरणार्थी- तीन प्रकरण र विशेष अदालतबाट 'छनौटपूर्ण अभियोजन'को आरोपी पदमा बसिरहन उचित हैन । नबिर्सौं- जेनजी आन्दोलनको एक महत्वपूर्ण माग भ्रष्टाचारको अन्त्य थियो ।

सुदन गुरुङहरूलाई ट्रोल गरेर, लल्कारेर, झारेर, एजेन्ट भनेर र खेदेर तिमिहरूको राजनीति सुध्रँदैन क्यारे सोल्टी हो । गोयलबल्सगिरीले पिसाबको न्यानो देला तर समाजलाई न्याय दिँदैन । सबैभन्दा पहिला आफू सत्य र विवेकको पक्षमा उभिन सिक । आफ्नो दलभित्र लोकतन्त्रको प्राण भर । भ्रष्ट र हत्याराहरूलाई छिमल्ने साहस देखाऊ । बल्ल तिम्रा कुरा पत्याउँला । नत्र तिम्रा बर्बरावटहरूको अर्थ छैन ।



नारायण अमृत

सत्तामा छँदाको एमाले नेताहरूलाई छोयो भने पनि करेन्ट लाग्ने अवस्था थियो । अहिले सत्ताबाट झरे पछि केही कुरा सोध्यो भने सीधा उत्तर दिँदैन । 'सञ्चै हुनुहुन्छ ?' भनेर सोध्यो भने 'म बिरामी भएँ भने तैंले ओखती गर्छस् ?' भन्ने टाइपको टिमुर्किएर जवाफ दिन्छन् ।



रञ्जित तामाङ

देशलाई भिडन्तमा नलैजाऊँ ! यहाँ कसैले जितेको र कसैले हारेको होइन विधिको शासन होस्, भ्रष्टाचार नहोस्, सुशासन होस्, अभिव्यक्त स्वतन्त्रता, खुला समाज, पारदर्शिता र नागरिक अधिकार नमिचियोस्, जबाफदेही सरकार बनोस् भनेर युवाहरू सडकमा आएका हुन । बलिदान खेर नजाओस् । फेरि द्वन्द्व र अराजकता नफैलियोस् !



तारानाथ दाहाल

# संविधान संशोधन नै निकास हो त ?

विचार



● कौशल गोपालवंशी

> *केही विषयमा संशोधन आवश्यक हुन सक्छन् तर अहिलेको परिस्थितिमा संविधान संशोधन अनिवार्य होइन । यसका कारण खोजिनुपर्छ । हामी ठिक र हामीले चुनेका नेता बेठिक कसरी हुन सक्छन् ? अर्थात् खराबी हामी जनतामा पनि छ ।*

भाद्र २३ र २४ गते भएको जेनजी प्रदर्शनपछि एउटा विषय चारैतिरबाट उठ्न थालेको देखिन्छ, त्यो हो संविधान संशोधनको मुद्दा । हो, संविधान संशोधन अथवा पुनर्लेखनको मुद्दालाई मधेशवादी दलले बेला-बेलामा उठाउँदै आएका छन् । तर जेनजी आन्दोलनसँगै भने संविधान संशोधन वा पुनर्लेखनको विषय जोडतोडले उठेको छ । अहिले संविधान संशोधनको कुरा यति व्यापक रूपमा प्रचार भइरहेको छ कि मानौं यो कुनै जादुको छडी हो । संविधानमा छोएपछि देश अचानक रहस्यमय ढंगले परिवर्तन हुनेछ ।

तर के अहिलेको समस्यामा संविधान मात्रै कारण हो त ? यस लेखमा यसै विषयको वरिपरि छलफल गरिँदै छ । भदौ २३ र २४ गतेको आन्दोलनको मुख्य कारण कुशासन, बेथिति, भ्रष्टाचार, बेरोजगारी र झोलेवाद नै थियो भन्नेमा कुनै शंका छैन । यी समस्याका कारण युवा पुस्ताले गरेको आन्दोलनलाई केही व्यक्ति संविधान संशोधनजस्तो जटिल विषयसँग जोडेर कुशासन र बेथितिको मुद्दालाई ओझेलमा पार्ने प्रयास गर्दै छन् । हामी सुशासन, पारदर्शिता, समानता र सार्वभौमताका लागि लडिरहेका छौं । संविधान संशोधन एउटा महत्वपूर्ण र आवश्यक विषय हो भने पनि जेनजी आन्दोलनलाई पुनः संशोधनसँग जोड्नु उपयुक्त होइन ।

वर्तमान संविधानकै कारण देशमा कुशासन र बेथितिले जरा गाडेको भन्ने भाष्य सही होइन । संविधानले त भ्रष्टाचार गर्न भनिरहेको होइन, बरु भ्रष्टाचारीलाई कारबाही गर्न भनिरहेको छ । अनि यदि भ्रष्टाचार बढेको छ भने त्यसका लागि संविधान संशोधनको कुरा गर्नु कत्तिको तार्किक छ त ? के संविधानले चुनावको बेलामा टिकट बेच्न भनिरहेको छ र ? के नातागोतालाई टिकट दिनु भनेको छ र ? वडा अध्यक्ष, पालिका अध्यक्ष, प्रदेश सभा, प्रतिनिधि सभा बन्नका लागि चुनावमा जनतालाई पैसा बाँड्न, मासु भात खुवाउन संविधानले कुनै व्यवस्था गरेको छैन । मन्त्री बन्नका लागि पार्टीलाई चन्दा दिनुपर्ने संवैधानिक व्यवस्था पनि गरेको छैन । त्यसो भए, सबै बेथितिको दोष संविधानलाई मात्र लगाउनु कतिको उचित हुन्छ ?

के संविधान संशोधन गर्दा नेपालमा बेरोजगारी अन्त्य हुन्छ त ? होइन, यी केवल भ्रान्तिका कुरा हुन् । बेरोजगारी सिर्जनाको जिम्मेवारी हामी सबैको हो । संविधानले भने स्थानीय र प्रदेशस्तरमा रोजगार सिर्जनाका लागि व्यवस्था गरेको छ भने त्यो व्यवस्थाको सदुपयोग नगरेको जिम्मेवारी संविधानलाई लगाउने कुरा सही होइन । संविधानले सिंहदरबारको अधिकार र बजेट वडासम्म पुऱ्यायो तर यदि वडामा जाने बजेटको सदुपयोग भएको छैन भने यसको दोष संविधानलाई लगाउनु कतिको उचित हुन्छ ? कुशासन, बेथिति र भ्रष्टाचार संविधानले दिइएको अधिकार होइन ।

संविधान एक लिखित दस्ताबेज हो, जसको कार्यान्वयन हामीले गर्ने हो । यदि संविधान राम्रो भए पनि कार्यान्वयनमा समस्या छ भने मुलुकमा बेथिति आउने नै हो । गाडी जति राम्रो भए पनि यदि त्यसलाई चलाउने व्यक्तिको नियत खराब हो भने गाडी दुर्घटनामा पर्न सक्छ । आज संविधानको अवस्था पनि त्यस्तै हो, यो राम्रोसँग लागू हुन सकेको छैन तर खारेजीको आवाज उठ्न थालेको छ ।

केही विषयमा संशोधन आवश्यक हुन सक्छ तर अहिलेको परिस्थितिमा संविधान संशोधन अनिवार्य होइन । यसका कारण खोजिनुपर्छ । हामी ठिक र हामीले चुनेका नेता बेठिक कसरी हुन सक्छन् ? अर्थात् खराबी हामी जनतामा पनि छ । हामीले देश बनाउने जिम्मेवारी राजनीतिका दललाई किन दिने ? आफ्नो देश हामी आफैंले किन नबनाउने ?

देशमा सुशासनको आधार राख्न संविधानले मार्गदर्शन दिन्छ तर हिँड्न भने हामीलाई नै छ । प्रत्येक दशक र युग परिवर्तन हुन्छ, तर हामी जनताले समयअनुसारको सोच किन परिवर्तन गर्न सकेनौं ? यदि सकेका हुन्थ्यौं भने २०/३० वर्षदेखि शासन गर्दै आएका पुराना नेताहरूलाई हामी कसरी चुनेर पठायौं ? समाज परिवर्तनबिना संविधान परिवर्तनले हामी नेपाली जनतालाई के नै दिइरहन्छ ? यदि कसैले सोच्छ कि संविधान संशोधन वा पुनर्लेखनले देशमा भ्रष्टाचार अन्त्य गर्नेछ भने त्यो भ्रम हो । जबसम्म हामी र हाम्रो समाज परिवर्तन हुँदैन, तबसम्म कागजमा के गरे पनि सुशासन आउँदैन ।

समाज परिवर्तनको कुरा गर्दा, कसरी परिवर्तन हुन्छ ? नेतृत्वको परिवर्तन गर्ने बेला आएको छ । पुरानो विचारधाराका नेताहरूलाई पुनः नेतृत्व दिने हो भने संविधान संशोधन गरेर पनि देशले निकास पाउने छैन भन्ने कुरा म ढुक्कसँग भन्छु । अर्थात् युवा पुस्ताको मर्मअनुसार देश चलाउने हो भने संविधान संशोधनभन्दा जनताको सोच परिवर्तन गर्न आवश्यक छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# प्रदर्शनका क्रममा भागेका ५७ सय कैदी बन्दी अझै फरार



**काठमाडौं/मस–** जेनजी प्रदर्शनका क्रममा देशका विभिन्न कारागार र सुधार गृहबाट भागेकामध्ये झण्डै पाँच हजार ७ सय कैदी अझै फरार छन् । मुलुकभर जेनजी प्रदर्शन चर्केपछि विभिन्न २८ वटा कारागारबाट १३ हजार ५ सय ८९ कैदी र नौ वटा बालसुधार गृहबाट ९ सय ६४ बाल बन्दी गरी १४ हजार ५ सय ५३ बन्दी भागेका थिए ।

त्यसमध्ये मंगलबार अपराह्नसम्म आठ हजार ५ सय १० कैदी र ३ सय ४१ बाल बन्दी गरी कूल आठ हजार ८ सय ५१ बन्दी कारागार फर्केका छन् । कारागार व्यवस्थापन विभागका निर्देशक चोमेन्द्र न्यौपानेका अनुसार पाँच हजार ७९ कैदी र ६ सय १८ बाल बन्दी गरी कूल पाँच हजार ६ सय ९७ बन्दी अझै फरार छन् । गृह मन्त्रालयले यही असोज १० गते फरार कैदीबन्दीलाई सोमबारसम्म कारागार फर्कन ‘ अल्टिमेटम’ दिएको थियो । ठूलो सङ्ख्यामा विभिन्न कसुरमा कैद सजाय भुक्तान गरिरहेका कैदी फरार हुँदा समाजमा सुरक्षा चुनौती थपिएपछि सरकारले फरार कैदीबन्दीलाई कारागारमा फर्काउन विशेष अभियान सञ्चालन गरिरहेको छ । अभियानअन्तर्गत सुरक्षाकर्मीले फरार कैदीलाई नियन्त्रणमा लिँदै सम्बन्धित कारागारमा बुझाइरहेका छन् ।

मन्त्रालयले कारागार बाहिर रहेका कैदीबन्दीलाई खोजी, नियन्त्रण र पक्राउ गरी कारागारमा शीघ्र फिर्ता ल्याउन सम्बन्धित जिल्लाको सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सुरक्षा तथा अन्य निकायका प्रतिनिधि सदस्य रहने गरी फरार बन्दी खोजी तथा पक्राउ कार्यदलसमेत गठन गरेको थियो ।

प्रदर्शनको मौका पारेर झुम्का, सोलुखुम्बु, सप्तरी, महोत्तरी, रौतहट, सिन्धुली, नख्खु, जगन्नाथ देवल, डिल्लीबजार, मकवानपुर, रसुवा, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, कपिलवस्तु, तुलसीपुर, नौवस्ता, रुकुम पश्चिम, नवलपरासी, जुम्ला, बझाङ, कैलाली, दार्चुला, बैतडी, डडेल्धुरा र कञ्चनपुर कारागारबाट कैदी बन्दी भागेका थिए । यस्तै मोरङ, पर्सा, भक्तपुर, मकवानपुर, कास्की, रुपन्देही, जयण्डु, नौवस्ता र डोटी बाल सुधार गृहबाट नौ सय ६३ बाल बन्दी भागेका थिए ।

सुरक्षा घेरा तोडेर भाग्ने क्रममा रामेछापमा तीन र धादिङमा दुई कैदीको गोली लागेर मृत्यु भएको थियो । यस्तै नौवस्ता बाल सुधार गृहमा झडप हुँदा पाँच बाल बन्दीको मृत्यु भएको थियो । कारागार कार्यालयहरूले फरार कैदीबन्दीलाई अविलम्ब कारागारमा फर्की आउन सूचित गराउँदै आएका छन् । सरकारको सूचनालाई बेवास्ता गरी फरार कैदीबन्दीलाई प्रचलित कानुनबमोजिमको कारबाही गरिने विभागको भनाइ छ ।

कुल ७२ जिल्लामा रहेका ७५ वटा कारागारमा विभिन्न कसुरमा सजाय भोगिरहेका ३० हजार छ सय ४६ कैदी बन्दी रहेका छन् । धनुषा, बारा, भक्तपुर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र पूर्वी रुकुममा कारागार छैनन् ।

# अर्घाखाँचीका शक्तिपीठहरूमा ‘सराएँ नाच’सँगै दशैं समापन

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २१ असोज



हिन्दु-नेपालीहरूको महान् पर्व बडादशैंको दिनदेखि कोजाग्रत पूर्णिमासम्म अर्घाखाँचीका विभिन्न शक्तिपीठहरूमा परम्परागत ‘सराएँ नाच’ ले जिल्लाबासीमा उत्साह थप्ने गरेको छ ।

अर्घाखाँचीको मौलिक धार्मिक नाच मानिने ‘सराएँ नाच’मा महिला र पुरुषहरू हातमा तरवार, खुँडा, खुकुरी आदि लिएर ‘डुङ डुङ वाखै भाइ हो...’भन्दै नाच्ने परम्परा छ ।

हिन्दु सांस्कृतिक परम्पराको जगेर्ना, समुदायबीच धार्मिक सद्भाव र भाइचाराको सम्बन्ध विस्तार गर्ने उद्देश्यले ‘सराएँ नाच’ निकाल्ने चलन सुरु गरिएको स्थानीय बुढापाकाहरू बताउँछन् । यस नाचमा महिला-पुरुष मात्र नभइ सबै जात, धर्म र भाषाका मानिसहरू सहभागी हुने भएकाले यो नाच एकता र सहअस्तित्वको प्रतिकका रूपमा विकसित भएको मानिन्छ ।

विजयादशमीको टीकादेखि जिल्लाका सबै कोटमा सुरु भएको सराएँ नाच कोजाग्रत पूर्णिमासम्म चल्ने गर्छ । पूर्णिमाको दिन सन्धिखर्क-९ अर्घामा विशेष मेला लाग्ने गर्छ भने भूमिकास्थानको ढिकुरा, सुवर्णखाल, पाणिनीको मैदान, सितगंगाको जुकेना लगायत जिल्लाका अधिकांश शक्तिपीठहरूमा नाचिएपछि यस वर्षको दशैं औपचारिक रूपमा समापन भएको अर्घा भगवती मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सरोज भुसालले जानकारी दिए ।

भुसालका अनुसार अर्घा भगवती मन्दिरमा सराएँ नाच, पूर्णिमा मेला र फूलपाती विसर्जनसँगै यस वर्षको दशैं समाप्त भएको हो । तरवार, खुँडा, खुकुरीसहित देवीको प्रतीक ‘ आलम’ लिएर पञ्चेबाजाको तालमा नाचिने यो नाच देवी खुसी हुने जनविश्वासमा आधारित रहेको पुजारी विष्णु भुसालले बताए ।

यस नाचको क्रममा अर्घाखाँचीका विभिन्न ठाउँहरूमा एकादशीका दिन सन्धिखर्क भुमिकास्थान चौतारा, द्वादशीका दिन शितगंगा-ठाडादह, त्रयोदशीका दिन सन्धिखर्क-खाँचीकोट, नुवाकोट-ताराखसे, पाकु, मालिका, चतुर्दशीका दिन हंसपुर-राँगामारे, कुर, र पूर्णिमामा सुवर्णखाल तथा रानीगैरमा नाचिने गर्छ । हरेक वर्ष करिब तीन लाख जनाले सहभागी हुने अनुमान गरिएको छ ।

रुपन्देही र कपिलवस्तुमा बसाइँ सरेका अर्घाखाँचीवासीहरूले पनि असोज २१ गते रुपन्देहीमा सराएँ नाच आयोजना गरेका थिए । अर्घाखाँची सम्पर्क समाज रुपन्देहीका अध्यक्ष टिकाराम बञ्जाडेका अनुसार बसाइँ सरेका बासिन्दाले सराएँ नाचको परम्परा अन्य जिल्लामा पनि फैलाइरहेका छन् । सराएँ नाच अर्घाखाँचीसँगै गुल्मी र प्युठानमा पनि प्रचलित छ । किम्वदन्ती अनुसार देवीले राक्षस महिषासुर र शुम्भलाई वध गरेको खुसीयालीमा यो नाच सुरु भएको हो ।

# पाँचकिलोमा बस दुर्घटना, २० जना घाइते



**सिन्धुपाल्चोक/मस–** सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-७ पाँचकिलोस्थित जिरी-खाडिचौर सडकखण्डमा बस दुर्घटना हुँदा तीन जना नाबालकसहित २० जना घाइते भएका छन् । रामेछापबाट चरिकोट हुँदै काठमाडौंतर्फ जाँदै गरेको बा प्र ०३-००१ ख २५२१ नम्बरको बस अनियन्त्रित भइ सडकको भित्तामा ठोक्किएर मंगलबार साँझ दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनाको खबर पाएपछि प्रहरीचौकी लामोसाँघुबाट प्रहरी नायब निरीक्षक अशोक महतोको कमाण्डमा सात जनाको टोली घटनास्थलमा पुगेर घाइतेहरूको उद्धार गरेको थियो । उद्धारपछि सबै घाइतेलाई उपचारका लागि सिन्धु सदाबहार अस्पताल खाडीचौर पठाइएको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक माधवराज खरेलले सबै घाइतेहरूको अवस्था सामान्य रहेको जानकारी दिए ।


## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

मुन्नक कान्दुको नाति, राम फेरन कान्दुको छोरा, बाँके जिल्ला, जानकी गा.पा. वडा नं. ०५ बस्ने, यस बैंकको नेपालगंज कारकादौ शाखा कार्यालयको खातावाला सीता राम काँदुको मिति २०८१/११/१३ मा मृत्यु भएकोले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी सुग्गी काँदुले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ । सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड
Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हात्तीसार, काठमाडौं
फोन नं.: ५९७०६८४, ४२१७०७०
Email: info@laxmisunrise.com
URL : www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९५ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

**United World Manpower Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com
श्रम इजाजत नं. १२२०/०७४/७५



**मलेसियामा रोजगार**
कम्पनी : DOFFIN SECURITY SERVICES SDN BHD — शहर : JALAN
पूर्व स्वीकृत मितिः २०८२/०६/०९ — चलानी नं.: ६०२४५५९१ — LT. No.: 331589

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५७,१७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
टोखा-१०, सामाखुसी, काठमाडौं, नेपाल, फोनः ०१४९५७०४७, मोबाईलः 9816935532
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np
श्रम इजाजत पत्र नं. १०२५/०६८/६९



**साउदीमा रोजगार**
कम्पनीः HERFY MEAT PRODUCTS FACTORY BRANCH HERFY FOOD SERVICES COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०३/१७ — चलानी नं.: ६०२४०४९६ — LT. No.:325625 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Ithari Contact No: 9852049211
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६

# टी-२० विश्वकप एसिया छनोट आजदेखि
# नेपालको पहिलो खेल कुवेतसँग



**काठमाडौं/मस-** आइसीसी मेन्स टी-२० विश्वकप एसिया एन्ड इएपी छनोटका खेल आजदेखि ओमानमा सुरु हुँदै छ। एसिया र एसिया प्यासेफिक क्षेत्रका नौ टोलीबीच प्रतिस्पर्धा हुने यो छनोटबाट तीन टोलीले आगामी वर्षको फेब्रुअरी-मार्च भारत र श्रीलंकामा हुने आइसीसी टी-२० विश्वकप २०२६ मा मा स्थान पक्का गर्नेछन्।

१७ टोलीले विश्वकप छनोटमा स्थान पक्का गरिसकेको अवस्थामा यो छनोटसँगै आगामी वर्ष टी-२० विश्वकप खेल्ने सबै टोलीको टुंगो लाग्नेछ।

छनोटमा नेपालले सुरूमा समूह २ मा कुवेत र जापानसँग प्रतिस्पर्धा गर्नेछ। पहिलो खेलमा नेपालले बुधबार कुवेतसँग राति ८:४५ बजे खेल्नेछ। शुक्रबार नेपालले जापानसँग समूहको अन्तिम खेल्नेछ।

यो समूहको शीर्ष दुईमा परे नेपाल सुपर-६ मा पुग्नेछ। भर्खरै युएईको शारजाहमा वेस्ट इन्डिजविरुद्धको टी-२० सिरिज २-१ ले जितेर इतिहास रचेको नेपाली टोली फेरि अर्को इतिहास बनाउने लक्ष्यमा छ।

सुपर-६ मा पुगेपछि नेपालका लागि विश्वकपमा छनोट हुन शीर्ष तीनभित्र पर्नु पर्नेछ। शीर्ष तीन टोलीमा परेमा नेपाली टोली लगातार दोस्रो पटक र समग्रमा तेस्रोपटक आइसिसी टी-२० कपमा छनोट हुनेछ।

एसिया छनोटको अन्य समूहमा मलेसिया, कतार र युएई तथा ओमान, पिएनजी सामोआ छन्। तीन समूहका शीर्ष २-२ टोली गरी सुपर-६ मा पुग्ने कुल ६ टोलीले एकअर्काविरुद्ध खेल्नेछन्।

आफ्नो समूहबाट आएको टोलीसँग भने सुपर-६ मा प्रतिस्पर्धा हुनेछैन। त्यसैले समूह चरणको जित पनि सुपर-६ मा महत्वपूर्ण हुनेछ। सुपर-६ मा पुग्ने आफ्नो समूहको टोलीविरुद्धको अंक पनि सुपर-६ मा गनिनेछ।

- **समूह १ – युएई, मलेसिया, कतार**
- **समूह २ – नेपाल, कुवेत, जापान**
- **समूह ३ – ओमान, पिएनजी, सामोआ**

## नेपालका खेल

नेपाल भर्सेस कुवेत : असार २२, बुधवार, राति ८:४५ बजे
नेपाल भर्सेस जापान : असार २४, शुक्रबार, दिउँस ४:१४ बजे
नेपाली टोली : रोहित कुमार पौडेल (कप्तान), दीपेन्द्रसिंह ऐरी (उपकप्तान), कुशल भुर्तेल, लोकेस बम, कुशल मल्ल, आसिफ सेख, आदिल अन्सारी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, सन्दीप जोरा, आरिफ सेख, ललितनारायण राजवंशी, गुलशन झा, सोमपाल कामी।
विश्वकप २०२६ मा छनोट भइसकेका १७ टोली
आयोजक : भारत र श्रीलंका
सन् २०२४ सुपर-८ : अफगानिस्तान, अस्ट्रेलिया, बंगलादेश, इंग्ल्यान्ड, दक्षिण अफ्रिका, अमेरिका र वेस्ट इन्डिज
वरीयताका आधारमा : आयरल्यान्ड, न्युजिल्यान्ड र पाकिस्तान
अमेरिका छनोट : क्यानडा
युरोप छनोट : इटाली र नेदरल्यान्ड्स
अफ्रिका छनोट : नामिबिया र जिम्बावे
एसिया छनोट : ३ टोली छनोट हुन बाँकी

# मलेसियाविरुद्धको चौथो खेलमा नेपाल विजयी



**काठमाडौं/मस-**महिला ट्वेन्टी-२० अन्तर्राष्ट्रिय शृंखलाको चौथो खेलमा नेपाल विजयी भएको छ।

मलेसियामा मंगलबार भएको खेलमा नेपालले मलेसियालाई ६ विकेटले पराजित गरेको हो। योसँगै नेपाल र मलेसियाबीचको पाँच खेलको शृंखलामा २-२ को बराबरी भएको छ। यसअघि भएको पहिलो खेलमा नेपाल तीन रनले पराजित भएको थियो भने दोस्रो खेलमा मलेसियालाई छ विकेटले हराएको थियो। तेस्रो खेलमा नेपाल १३ रनले पराजित भएको थियो।

मलेसियाले दिएको एक सय १२ रनको लक्ष्य पछ्याएको नेपालले १७ दशमलव ३ ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो। नेपालको लागि कप्तान इन्दु बर्माले ३९ बलमा ४८ रनमा अविजित रहिन्। त्यस्तै रुबिना क्षेत्रिले २३ बलमा २३ रन बनाइन्।

मलेसियाको लागि नुर दानिया स्युहादा, आइना हमिजा र माहिरा इजातीले समान एकएक विकेट लिए। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर एक सय ११ रन बनाएको थियो। उसका लागि मास एलिसाले अविजित ५६ रन बनाइन्। माहिराले १८ तथा नुर दानियाले १५ रन बनाएकी थिइन्। नेपालकी कविता कुँवरले तीन विकेट लिइन भने पूजा महतो र कविता जोशीले समान एक/एक विकेट लिए।

## इन्दु बर्माले रचिन् इतिहास

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीकी कप्तान इन्दु बर्मा टी-ट्वान्टी अन्तर्राष्ट्रिय क्रिकेटमा एक हजार रन पूरा गर्ने पहिलो खेलाडी बनेकी छन्।

उनले मंगलबार भएको मलेसियाविरुद्धको खेलमा ४८ रन पूरा गर्दै उक्त माइलस्टोन पूरा गरेकी हुन्। इन्दुले इन्दुको ७७ खेलमा १ हजार ४३ रन बनाएकी छन्। नेपाली महिला राष्ट्रिय टोलीले हाल मलेसियासँग पाँच खेलको टी-ट्वान्टी सिरिज खेलिरहेको छ। सिरिजको चौथो खेलमा इन्दुले अविजित ४८ रन बनाएकी हुन्।



नेपालले मंगलबारको खेलमा मलेसियालाई हराउँदै पाँच खेलको सिरिज २-२ को बराबरीमा ल्याएको छ। नेपालका लागि राष्ट्रिय टोलीकी पूर्व उपकप्तान सीता रानामगर ५९ इनिङ्समा ९ सय ६५ रन बनाउँदा रुविना क्षेत्री बेलबासेले ९ सय ३६ रन बनाएकी छन्।

# खुला बुद्धिचाल प्रतियोगितामा शितल विष्ट प्रथम

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २१ असोज

बझाङ जिल्लामा पहिलोपटक जिल्लाव्यापी खुला बुद्धिचाल प्रतियोगिता सम्पन्न भएको छ।

बझाङ जिल्ला बुद्धिचाल संघको आयोजनामा देवीथान मेलाको अवसर पारेर सदरमुकाम चैनपुरमा सम्पन्न प्रतियोगिता लिग प्रणालीमा सम्पन्न भएको हो।

प्रतियोगितामा कुल २२ जना खेलाडीले सहभागिता जनाएका थिए। कडा प्रतिस्पर्धापछि शितल विष्ट प्रथम, सुर्जन सिंह द्वितीय र गौरव रोकाया तृतीय बनेका छन्। चौथो स्थान रोशन रोकायाले हात पारे भने कृष्ण चित्रकार पाँचौं स्थानमा रहे।

विजेताहरूले प्रथम पुरस्कार २५ हजार, दोस्रो पुरस्कार १५ हजार ९ सय ९९, तेस्रो पुरस्कार १० हजार, चौथो पुरस्कार ५ हजार र पाँचौ पुरस्कार ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन्।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/०७/२२ मा दर्ता भएको श्री **अल्का रिक्रुटमेन्ट सेन्टर प्रा. लि. (दर्ता नं. ३२३१५३)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

(पहिलो पटक प्रकाशित मिति २०८२।०६।२२)

यस कम्पनीको मिति २०८१।१२।०५मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको कम्पनी **बेष्ट हेरिटेज टुर एण्ड ट्राभल प्रा. लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२।०६।०७को निर्णय अनुसार साविकको नाम परिवर्तन गरी **बेष्ट हेरिटेज टुर एण्ड ट्रेक्स प्रा. लि.** कायम गरिएको जानकारी गराइन्छ।

**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

**को**

## तपसिलका ऋणीहरुलाई क्रेडिट कार्ड कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सुचना

(प्रकाशित मिति: २०८२/०६/२२ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट लिनु भएको क्रेडिट कार्ड कर्जा लिँदा गरेको शर्त बमोजिम बुझाउनु पर्ने साँवा, व्याज समेतका रकमहरु नतिरी नबुझाई क्रेडिट कार्ड कर्जा लिँदा गरेको शर्त कबुलियतको उल्लंघन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको बेवास्ता गरि क्रेडिट कार्ड कर्जा फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज र हर्जाना व्याज रकम एकमुष्ट बुझाउन ल्याउन सूचित गरिएको छ। सो म्याद भित्र वक्यौता रहेको सम्पूर्ण रकम बैंकलाई चुक्ता भुक्तान नगरी बसेमा ऋणीले बैंकलाई लेखि दिएको शर्त, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशन बमोजिम तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्ने प्रकृया अघि बढाइने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**तपसिल**

**ऋणीहरुको विवरण**

१. प्रभाकर पाठकको नाति, नर प्रसाद पाठकको छोरा, झापा जिल्ला, कोहवरा गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको नगेन्द्र पाठक (ना.प्र.प.नं. १८५३, झापा)
२. परशुराम ढकालको नाति, विष्णु प्रसाद ढकालको छोरा, काठमाडौ जिल्ला का.म.न.पा. वडा नं. २२ स्थित स्थायी ठेगाना भएको घनश्याम ढकाल (ना.प्र.प.नं. १०४/११२१/६२६२, काठमाडौ)
३. नर बहादुर दाहालको नाति, पर्शुराम दाहालको छोरा, झापा जिल्ला, बैगुनधुरा गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको अजय दाहाल क्षेत्री (ना.प्र.प.नं. २७४०७, झापा)
४. भक्त बहादुर बुढाथोकीको नाति, डिक बहादुर बुढाथोकीको छोरा, उदयपुर जिल्ला, खाँबु गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको वाल कुमार बुढाथोकी (ना.प्र.प.नं. २७७०८/२१९२, उदयपुर)
५. हर्क राज गिरीको नाति, खडग बहादुर गिरीको छोरा, झापा जिल्ला, अर्जुनधारा गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको धर्मराज गिरी (ना.प्र.प.नं. ६९७१८७६, झापा)
६. दिन दयाल बोहराको नाति, कृष्ण कुमार प्रसाद बोहोराको छोरा, मोरङ्ग जिल्ला, कटहरी गा.वि.स./न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको भावेश बोहोरा (ना.प्र.प.नं. ०५-०१-६९-००७८६, मोरङ्ग)
७. त्रिलोचन पोखरेलको बुहारी, नारायण पोखरेलको पत्नी, सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको प्रमिता पोखरेल (ना.प्र.प.नं. १०३०५५/२०३०५५, सुनसरी)
८. पशुपति शर्माको नाति, मन्नाम न्यौपानेको छोरा, कालिकोट जिल्ला, फुकोट गा.वि.स./न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको नेगीन्द्र न्यौपाने (ना.प्र.प.नं. ६१-०१-७२-०१८२८, कालिकोट)
९. घुरे दर्जीको नाति, लल्लन अली दर्जीको छोरा, बाँके जिल्ला, जैसपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको सद्दाम हुसेन दर्जी (ना.प्र.प.नं. ६६१०३१/१०३, बाँके)
१०. भक्ति लाल डांगीको नाति, पूर्ण बहादुर डांगीको छोरा, डोल्पा जिल्ला, जुफाल गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको त्रिलोचन डांगी (ना.प्र.प.नं. ५७-१-००२/९६३४, डोल्पा)
११. दत्त डांगी को नाति, भक्ति लाल डांगीको छोरा, डोल्पा जिल्ला, जुफाल गा.वि.स/न.पा. वडा नं. ६ स्थित स्थायी भएको पूर्ण बहादुर डांगी (ना.प्र.प.नं. ५७-६००/६९३, डोल्पा)
१२. चिन्तामनी लोहनीको नाति, कृष्ण लोहनीको छोरा, रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित स्थायी ठेगाना भएको लक्ष्मण लोहनी (ना.प्र.प.नं. १७७४५, रुपन्देही)
१३. राम बहादुर कटवालको नाति, मोहन बहादुर कटवालको छोरा, मोरङ जिल्ला, विराटनगर गा.वि.स/उ.म.न.पा. वडा नं. १६ स्थित स्थायी ठेगाना भएको अनुज कटवाल (ना.प्र.प.नं. २०९४६, भक्तपुर)
१४. टिका राम श्रेष्ठको नाति, कृष्ण कुमार श्रेष्ठको छोरा, कञ्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको अभिषेक श्रेष्ठ (ना.प्र.प.नं. ७५२०२०/६४०, कञ्चनपुर)
१५. तुला तामाङको नाति, छिलमान तामाङको छोरा, कञ्चनपुर जिल्ला, कालिका गा.वि.स/न.पा. वडा नं. ४ स्थित स्थायी ठेगाना भएको शुक लामा तामाङ (ना.प्र.प.नं. ७५ ४६०, कञ्चनपुर)
१६. बखत बहादुर कायष्ठको नाति, रत्न भक्त कायष्ठको छोरा, काभ्रे जिल्ला, बनेपा न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको सविन भक्त कायष्ठ (ना.प्र.प.नं. ३०।६१०३१।१२८, काभ्रेपलाञ्चोक)
१७. दिवाकर दाहालको नाति, भीम बहादुर दाहाल खत्रीको छोरा, काभ्रे जिल्ला, धुलिखेल न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको कुमार दाहाल खत्री (ना.प्र.प.नं. ३५२१४/१४४२, काभ्रे)
१८. बेगन बहादुर बुढाथोकीको नाति, पदम बहादुर बुढाथोकीको छोरा, प्यूठान जिल्ला मरारथाना गा.वि.स./न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको महेश बुढाथोकी (ना.प्र.प.नं. ५३/०१/७४/०१३६३, काठमाडौ)
१९. कृष्ण प्रसाद सापकोटाको नाति, सुदर्शन सापकोटाको छोरा, नुवाकोट जिल्ला, म्यागङ गा.वि.स/न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको शिशिर सापकोटा (ना.प्र.प.नं. २५/०१/७३/०१८६५, नुवाकोट)
२०. चन्द्रवीर मानन्धरको नाति, मित्रलाल मानन्धरको छोरा, काभ्रेपलाञ्चोक जिल्ला, बनेपा गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको गौतम मानन्धर (ना.प्र.प.नं. ५६१०६, काभ्रेपलाञ्चोक)

**कुवेतमा रोजगार**
कम्पनी: **OWNER UNITED SECURITY CO WLL** — शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८२/०६/२० — चलानी नं.: ६०२४५५६८ — LT. No.:331948

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Indoor | 100 | 80 | स. काममा दक्ष | 90 | ४१,७४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**EVE NEPAL OVERSEAS PVT. LTD.** Govt.Lic.No: 1013/068/69
Santinagar, Kathmandu, Tel No: 4107520, 4622436
Email: evenpl34@gmail.com, Website: www.evenepaloverseas.com

**बहराइनको 5 STAR HOTEL मा नि:शुल्क रोजगारीको अवसर**
कम्पनी : **GULF HOTELS GROUP - GULF HOTEL** — शहर : **BAHRAIN**
पूर्व स्वीकृत मिति: २०८१/०५/१४ — चलानी नं.: ६०२२४४८० — LT. No.:309806 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Outlet Manager | 3 | 2 | स. काममा दक्ष | 560 | २१०,५८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Manager | 3 | 2 | | 500 | १८८,०२५ | | | | | | | |
| 3. | Super Visor | 4 | 3 | | 400 | १५०,४२० | | | | | | | |
| 4. | Bartender | 20 | 10 | | 180 | ६७,६८९ | | | | | | | |
| 5. | Waiter/waitress | 30 | 15 | | 150 | ५६,४०७ | | | | | | | |
| 6. | Hostess | 30 | 15 | | 180 | ६७,६८९ | | | | | | | |
| 7. | Guest Arrangement Service/guest Service Agent/receptionist | 20 | 10 | | 200 | ७५,२१० | | | | | | | |
| 8. | Souse Chef /junior Souse Chef | 20 | 5 | | 450 | १६९,२२२ | | | | | | | |
| 9. | Chef De Partie | 20 | 10 | | 250 | ९४,०१२ | | | | | | | |
| 10. | Demi Chef | 20 | 10 | | 200 | ७५,२१० | | | | | | | |
| 11. | Commis 1 | 20 | 10 | | 180 | ६७,६८९ | | | | | | | |
| 12. | Commis 2 | 10 | 10 | | 150 | ५६,४०७ | | | | | | | |
| 13. | Commis 3 | 10 | 10 | | 140 | ५२,६४७ | | | | | | | |
| 14. | Steward | 30 | 5 | | 130 | ४८,८८६ | | | | | | | |
| 15. | Housekeeper/room Attendant | 30 | 15 | | 140 | ५२,६४७ | | | | | | | |
| 16. | Spa Therapist/therapist | 20 | 10 | | 300 | ११२,८१५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**HABTOOR INTERNATIONAL PVT. LTD.**
Jana Marg, Maharajgunj, Kathmandu.
Govt. Lic. No. 1147/073/74
Tel: 01-4973377, 4983377 Mob.: 9801059911, 9801059988, -9802392535, 9802359551
E-mail : jobsinhabtoor@gmail.com, Web: www.habtoorinternational.com

**कुवेतमा रोजगार**
कम्पनी: **GLOBAL LINK FOR CONSUMING ORDERS DELIVERY CO.WLL** — शहर: **KUWAIT**
पूर्व स्वीकृत मिति: २०८२/०६/२० — चलानी नं.: ६०२४५५६१ — L.T. No.: 331903

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 10 | 0 | स. काममा दक्ष | 140 | ६४,९४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ असोज २९ गते (15 October 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**LAXMI RECRUITMENT SERVICE PVT. LTD.**
9 Battisputali Rd, Kathmandu सम्पर्क नं. ०१–४५००४३३, ९८०३८४६४५८, ९८४७४९७६३१, ९८२७६८५५६५, ९८४२०३६५८७, ९७६३२२८७७७, ९७०२०१२४५६, ९७०२०१२४५४, ९८६२५०४०२६
Gov License no 1782/082/083

**TURKEY मा रोजगार**
कम्पनी : **ASA CONSULTING RECRUITMENT** — शहर: **TURKEY**
पूर्व स्वीकृत मिति: २०८१/०२/१४ — चलानी नं.: ६०२२०१७३ — L.T.No.:305418 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब LIRA | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Backhoe Loader | 4 | 0 | स. काममा दक्ष | 20000 | ६८,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Blacksmith | 5 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 3. | Cheff | 4 | 0 | | 17500 | ५९,६७५ | | | | | | | |
| 4. | Concrete Pump Operator | 4 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 5. | Electrician | 5 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 6. | Excavator Operator | 3 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 7. | Heavy Machinery Mechanic | 4 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 8. | Hiab Operator | 5 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 9. | Housekeeper | 5 | 0 | | 17500 | ५९,६७५ | | | | | | | |
| 10. | Loader Operator | 6 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 11. | Marble Maker | 5 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 12. | Mason | 4 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 13. | Mixer Driver | 2 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 14. | Moulder | 5 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 15. | Painter | 6 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 16. | Paver | 5 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 17. | Roller Operator | 3 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 18. | Steel Building | 2 | 0 | | 20000 | ६८,२०० | | | | | | | |
| 19. | Waiter(Male) | 5 | 0 | | 17500 | ५९,६७५ | | | | | | | |
| 20. | Welder | 2 | 0 | | 20000 | ६८,२०० | | | | | | | |

**अन्तर्वार्ता आधुनिक मोटर ड्राइभिङ एकेडेमी प्रा.लि. बूढानीलकण्ठमा २०८२ साउन २९ गते (15 October 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**मास्टर जब प्रा. लि.** (Master Job) — श्रम इजाजत नं.: ८२७/०६६/०६७
Tokha Municipality-07, Dhapasi (Chouki Opposite) Kathmandu, Nepal.
Phone No: 01-4983036 . Email: masterjob.doc@gmail.com Website: www.masterjobintl.com

गो.द.का.द.नं. ३३/०६९/०७०
२२ असोज २०८२ बुधबार
8 October 2025 Wednesday

# सिजनको सुरुमै घटे पर्यटक

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २१ असोज



एक महिनाअघि भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको असर पर्यटन क्षेत्रमा देखिएको छ । सेप्टेम्बरलाई पर्यटनको सुरुवाती सिजन मानिएको भए पनि गत वर्षभन्दा पर्यटकको आगमन घटेको छ । एक महिनामा नेपालमा भएको राजनीतिक परिवतर्नको असर पर्यटन क्षेत्रले भोग्नुपरेको छ । भूकम्प, नाकाबन्दीदेखि कोरोना महामारीबाट बिस्तारै तंग्रिन लागेको पर्यटन क्षेत्र जेनजी आन्दोलनले फेरि असर गरेको छ । दुई दिनको आन्दोलनले पर्यटन क्षेत्रले करिब २५ अर्ब रुपैयाँबराबरको प्रत्यक्ष आर्थिक क्षति भएको व्यवसायीले बताएका थिए । यस्तै, विदेशी चेन हिल्टन होटलमा पुरै आगलागी हुँदा ८ अर्बभन्दा बढीको क्षति भयो भने अन्तर्राष्ट्रियस्तरमै नेपालको पर्यटन क्षेत्रलाई धमिल्याउने काम भयो । अर्थतन्त्रको मेरुदण्ड मानिने पर्यटन क्षेत्र पर्यटकीय सिजनै गरिएको बुकिङ रद्द हुँदा पर्यटक आगमन नै असर देखिएको होटल संघ नेपालका अध्यक्ष विनायक शाह बताउँछन् । पर्यटन व्यवसायी फेरि उठ्ने प्रयास गरेको भए पनि पर्यटन आगमनमै धक्का हुँदा अन्योलता देखिएको शाहको भनाइ छ । पर्यटकको मुख्य सिजनको सुरुमै नेपाल भित्रिने पर्यटकको संख्या घटेको छ । २०२५ को सेप्टेम्बर महिनामा कुल ७८ हजार ७ सय ११ पर्यटक नेपाल भित्रिएका छन् । जबकि, सन् २०२४ को सेप्टेम्बरमा ९६ हजार ३ सय २ पर्यटक नेपाल आएका थिए । जुन तथ्यांक अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा १८ दशमलव ३ प्रतिशतले कमी हो । सिजनको सुरुमै जेनजी आन्दोलनले नेपाल आउने तयारीमा रहेका पर्यटकले धमाधम नेपाल भ्रमण रद्द गरेका थिए । जेनजी आन्दोलन क्रममा भएको तोडफोड र आगजनीले पर्यटक नेपाल आउन नचाहेको देखिन्छ । विभागको तथ्यांकअनुसार सेप्टेम्बरमा ७८ हजार ७ सय ११ पर्यटकमध्ये दक्षिण एसिया क्षेत्रबाट २४ हजार २ सय ८५ पर्यटक आएका छन् जबकि सन् २०२४ मा ३३ हजार ६ सय ११ पर्यटक आएका थिए । यो २७ दशमलव ७ प्रतिशतले घटेको छ । यस्तै, एसियाको अन्य क्षेत्रबाट पर्यटकको आगमन सबैभन्दा धेरैले पर्यटक घटेका छन् । सन् २०२५ मा १२ हजार ५ सय ९० पर्यटक यस क्षेत्रबाट आए भने सन् २०२४ को १८ हजार ९ सय ८९ आएका थिए । जुन ३३ दशमलव ७ प्रतिशतले कम हो । यस्तै, युरोपबाट ८ प्रतिशत कम पर्यटक आए । सन् २०२५ को सेप्टेम्बरमा १६ हजार ५ सय ९७ पर्यटक भित्रिएका छन्, भने सन् २०२४ को १८ हजार ५० आएका थिए ।

अमेरिकाबाट ११ हजार ५ सय २३ पर्यटक आएका छन् जबकि सन् २०२४ मा १२ हजार १४९ पर्यटक आएका थिए ।

### विश्व बैंकको प्रक्षेपण

# नेपालको आर्थिक वृद्धि ऋणात्मकदेखि २.१ प्रतिशतसम्म खुम्चिने




**काठमाडौं/मस–** चालू आर्थिक वर्ष २०८२/८३ को लागि विश्व बैंकले नेपालको आर्थिक वृद्धिदर प्रक्षेपण घटाएको छ । नेपालको आर्थिक वृद्धिदर ऋणात्मक अवस्थादेखि २ दशमलव १ प्रतिशतसम्म खुम्चने र आगामी आर्थिक वर्ष २०८३/८४ मा ४ दशमलव ७ प्रतिशतमा हुने विश्व बैंकले बताएको छ । यसअघि आर्थिक वर्ष २०८२/८३ मा नेपालको आर्थिक वृद्धि ५ दशमलव २ प्रतिशत र आर्थिक वर्ष २०८३/८४ मा ५ दशमलव ५ प्रतिशत हुने प्रक्षेपण विश्व बैंकले गरेको थियो ।

एक महिनाअघि नेपालमा भएको जेनजी आन्दोलनको असर आर्थिक वृद्धिदरमा देखिएको हो आन्दोलन हुनुमा नेपालीहरूको शासन प्रणालीप्रतिको असन्तुष्टि र आर्थिक अवसरको अभाव रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यस्तै, भ्रष्टाचार, अनिश्चित व्यावसायिक वातावरण, उच्च व्यापार लागत र पूर्वाधार अभावजस्ता संरचनात्मक कमजोरीको कारण नेपालको विकास समकक्षी मुलुकहरूको तुलनामा ढिलो भइरहेको विश्व बैंकले जनाएको छ । विश्व बैंकले नेपालसहित भारत र मालदिभ्सको पनि वृद्धि दर घटाएको उल्लेख गरेको छ । भारतको निर्यातमा देखिएको कमी, मालदिभ्समा विदेशी मुद्रा सञ्चितिमा देखिएको दबाबले यस्तो अवस्था सिर्जना गरेको बताइएको छ । दक्षिण एसियाको भने यस वर्ष आर्थिक वृद्धि औसत ५ दशमलव ८ प्रतिशत हुने प्रक्षेपण गरिएको छ । यसअघिको वर्ष यस्तो वृद्धिदर ६ दशमलव ६ प्रतिशत थियो । विश्व बैंकको दक्षिण एसिया विकास प्रतिवेदनमा नेपालमा भएको जेन-जी आन्दोलनले अन्तर्राष्ट्रिय पर्यटक आगमनमा तीव्र कमी आउने, सार्वजनिक तथा निजी पूर्वाधारमा भएको क्षतिले बिमा क्षेत्रलाई ठुलो नोक्सानी भएको उल्लेख गरेको छ । आन्दोलनमा भएको तोडफोड र आगलागीपछि लगानीकर्ताको मनोबल कमजोर हुँदा निजी लगानी र जलविद्युत् बाहेकका निर्माण कार्यहरू प्रभावित हुने तथा प्रमुख धान उत्पादन हुने प्रदेशमा वर्षा ढिलो हुँदा कृषि क्षेत्रमा समेत नकारात्मक असर पर्ने प्रतिवेदनमा उल्लेख छ ।

# ‘बिमकले बिमितलाई र पुनर्बिमकले बिमकलाई समयमै एड्भान्स दिनुपर्‍यो’



**काठमाडौं/मस–** हालैको आन्दोलनका क्रममा भएका भौतिक तथा अन्य क्षतिको बिमा दाबी तथा दाबी भुक्तानीको अवस्था, दाबी भुक्तानीमा आइपरेका समस्या र दाबी भुक्तानीलाई छिटोछरितो तुल्याउन नेपाल बिमा प्राधिकरणले मंगलबार निर्जीवन बिमक, लघु निर्जीवन बिमक र पुनर्बिमकका प्रमुख कार्यकारी अधिकृतसँग छलफल गरेको छ ।

छलफलमा नेपाल बिमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले हालैको आन्दोलनका क्रममा भएको क्षतिको बिमा दाबी भुक्तानीयोग्य भएको र दाबी भुक्तानी गर्ने दायित्व बिमा कम्पनीहरूको हुने हुँदा दाबी भुक्तानी मार्गदर्शनबमोजिम छिटोभन्दा छिटो दाबी भुक्तानी दिन बिमकहरूलाई निर्देशन दिएका छन् । उनले दाबी भुक्तानीका सम्बन्धमा बिमकहरूलाई कानुनी तथा व्यावहारिक समस्या भएमा प्राधिकरणले सहजीकरण गर्ने पनि बताए ।

‘बिमकले प्रारम्भिक सर्भे रिपोर्टका आधारमा बिमा दाबी भुक्तानी गर्दै जानुपर्‍यो, बिमितले पैसा पाएको अनुभूति गर्नुपर्‍यो, दाबी भुक्तानी दिएको बारेमा आमरूपमा जानकारी दिनुपर्‍यो, बिमकले बिमितलाई र पुनर्बिमकले बिमकलाई समयमै एड्भान्स रकम दिनुपर्‍यो,’ उनले भने ।

बिमकले प्रवाह गर्ने बिमा दाबी र दाबी भुक्तानीसम्बन्धी तथ्यांक सही हुनुपर्ने र गलत तथ्यांक दिने बिमकमाथि प्राधिकरण कडाइका साथ प्रस्तुत हुने उल्लेख गर्दै कार्यकारी निर्देशक सुवेदीले तरलतालाई उच्च प्राथमिकतामा राखेर बजारमा अविलम्ब तरलता प्रवाह गर्न पुनर्बिमा कम्पनीलाई निर्देशन दिए ।

छलफलमा निर्जीवन बिमा कम्पनी र लघु निर्जीवन बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले आन्दोलन क्रममा भएको क्षतिको बिमा दाबी भुक्तानी दिन सक्ने, भुक्तानी दिने र सो विषयमा कुनै समस्या नभएको बताएका थिए ।

साथै, उनीहरूले साना बिमा दाबीहरूको भुक्तानी गर्दै आएको, ठुला दाबीको हकमा नगद प्रवाह आवश्यक भएकाले पुनर्बिमा कम्पनीहरूले सक्रिय रूपमा सहयोग गर्नुपर्ने बताएका थिए । तरलता व्यवस्थापनमा समेत पुनर्बिमाले भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै कम्पनीहरूले क्षतिको प्रतिवेदन तयार गर्न फिल्डमा बिमा सर्भेयरहरू खटाइसकेको र सर्भेयरहरूबाट प्रतिवेदन आउनेक्रम समेत जारी रहेको जानकारी दिएका थिए ।

नेपाल पुनर्बिमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतले पुनर्बिमाबापतको दाबी रकम भुक्तानी गर्न कम्पनीसक्षम रहेको जानकारी दिँदै पुनर्बिमाबापतको रकम आवश्यक प्रक्रिया पूरा गरी बिमकहरूलाई यथाशीघ्र उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

# दैनिक १ हजार मेगावाट विद्युत् निर्यात



**काठमाडौं/मस–** नेपाल विद्युत् प्राधिकरणले दैनिक रूपमा १ हजार मेगावाट विद्युत् निर्यात गर्ने गरेको छ । देशभित्र खपत गरेर अतिरिक्त रहेको विद्युत् दैनिक औसत १ हजार मेगावाट निर्यात भइरहेको प्राधिकरणले जनाएको हो ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालका अनुसार प्राधिकरणले चालु आर्थिक वर्ष २०८२/८२ को साउनदेखि हालसम्म करिब १५ अर्ब रुपैयाँ बराबरको विद्युत् निर्यात गरेको छ । उनका अनुसार भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स)को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम हरियाणा र बिहार राज्यमा विद्युत् बिक्री भइरहेको छ ।

साथै, प्राधिकरणले भारतको प्रसारण लाइन संरचनाको प्रयोग गरी बंगलादेशमा दैनिक ४० मेगावाट विद्युत् निर्यात गरिरहेको छ । प्राधिकरणले भारत र बंगलादेश गरी ११६५ मेगावाट विद्युत् निर्यातको स्वीकृति पाएको छ । प्राधिकरणले भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ र बंगलादेशमा अमेरिकी डलरमा गर्ने गरेको छ ।

# सुनको मूल्य निरन्तर अकासिँदो



**काठमाडौं/मस–** अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्यमा वृद्धि भएसँगै त्यसको प्रभाव नेपालको स्थानीय बजारमा पनि परेको छ । सोमबारको तुलनामा मंगलबार एक तोला सुन २ हजार ३ सय रुपैयाँले महँगो भएर किनबेच भयो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार २ लाख ३३ हजार १ सय रुपैयाँमा कारोबार भएको एक तोला सुनको मूल्य मंगलबार २ हजार ३ सय रुपैयाँले बढेर २ लाख ३५ हजार ४ सय रुपैयाँ कायम भएको थियो । चाँदीको मूल्य भने मंगलबार स्थिर रह्यो ।

सोमबार एक तोला चाँदी २ हजार ९ सय ६० रुपैयाँमा खरिदबिक्री भएको थियो । गत आइतबार एक तोला सुन २ लाख ३० हजार ६ सय रुपैयाँमा किनबेच भएको थियो भने त्यति नै परिमाणको चाँदी २ हजार ९ सय ३० रुपैयाँमा खरिद बिक्री भएको थियो ।

अन्तर्राष्ट्रिय बजारमा मंगलबार एक औंस सुन ३ हजार ९ सय ६५ अमेरिकी डलरमा कारोबार भइरहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

# सिद्धार्थ बैंकका ग्राहकलाई इजी डेन्टल क्लिनिकमा छुट

SiddharthaBank

**काठमाडौं/मस–** सिद्धार्थ बैंकका ग्राहकलाई इजी डेन्टल क्लिनिकको सेवामा छुट हुने भएको छ । बैंक र क्लिनिकबीच बैंकका ग्राहकलाई क्लिनिकको विभिन्न सेवामा छुट प्रदान गर्नेसम्बन्धी भएको सम्झौताअनुसार सो छुट हुने भएको हो ।

सम्झौताअनुसार चाबहिल, काठमाडौंस्थित इजी डेन्टल क्लिनिकमा बैंकका ग्राहकहरूले बैंकको कार्ड वा मोबाइल बैंकिङ प्रयोग गरी भुक्तानी गर्दा १५ प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् । सो सम्झौताले ग्राहकलाई छुटको सुविधा उपलब्ध गराउनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारमा जान पनि उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

# अलैंचीको मूल्य घट्यो, प्रतिमन ८० हजार



**संखुवासभा/रासस–** संखुवासभामा यो वर्ष अलैंचीको मूल्य घटेको छ । गत वर्ष यही समयमा प्रतिमन (४० किलो) ९० हजार रुपैयाँमा मूल्य रहेकामा यसपटक भने ८० हजार रुपैयाँमा कारोबार भइरहेको छ ।

एक दशक अघिदेखि ओरालो लागेको अलैंचीको मूल्य गत वर्ष सुधार भए पनि यस वर्ष फेरि मूल्य घटेको छ । कालो सुनका रूपमा चिनिँदै आएको अलैंचीको मूल्य प्रतिमन ८० हजार रुपैयाँमा कारोबार भइरहेको अलैंची व्यवसायी महासंघ संखुवासभाका अध्यक्ष कुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार गत वर्ष प्रतिमन १ लाख १० हजार रुपैयाँसम्म कारोबार भएको थियो । पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा नेपाली अलैंचीको माग घटेपछि मूल्य पनि घटेको व्यवसायीको हो । ‘उत्पादन बढी र माग कम भएका कारणले अलैंचीको मूल्य घटेको हो, गत वर्ष ९० देखि १ लाख १० हजार रुपैयाँसम्म कारोबार भएको थियो । हाल ग्रेडिङ राम्रो भएको अलैंची ८२ हजार र ग्रेडिङ नभएको अलैंची ८० हजार रुपैयाँमा कारोबार भइरहेको छ,’ अध्यक्ष श्रेष्ठले भने ।

मसलाका रूपमा प्रयोग हुँदै आएको अलैंची ९८ प्रतिशत अलैंची नेपाल बाहिर निर्यात हुने गरेको बताइन्छ । संखुवासभामा करिब २ हजार ८ सय ७१ हेक्टर क्षेत्रफलमा अलैंचीखेती गरिँदै आएको छ । जिल्लामा गत वर्ष ९ सय ४० मेट्रिक टनभन्दा बढी उत्पादन भएको थियो ।

अलैंची पूर्वी पहाडी जिल्लाका किसानको आम्दानीको भरपर्दो स्रोत हो । संखुवासभा, पाँचथर, ताप्लेजुङ, इलाम र धनकुटासहित पहाडी र उच्च पहाडी जिल्लामा यसको उत्पादन हुन्छ । यसबाट किसानले भने प्रत्यक्ष फाइदा लिन नसकेको गुनासो छ । व्यवसायीका अनुसार अलैंचीलाई गुणस्तरका आधारमा क, ख र ग गरी तीन तहमा विभाजन गरिएको हुन्छ । सोहीअनुसार मूल्य पनि फरक रहेको छ ।

# दशैंपछिको सेयर बजारमा उच्च अंकको गिरावट



**काठमाडौं/मस–** दशैंको लामो बिदापछि सञ्चालनमा आएको नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा मंगलबार उच्च अंकले गिरावट आयो । मंगलबार नेप्सेमा ४ अर्ब ६२ करोड ९० लाख ४२ हजार रुपैयाँको कारोबार हुँदा ५८.५५ अंकले घटेर २६०४.९६ बिन्दुमा पुगेको हो । नेप्से घटेसँगै नेप्सेको पुँजीकरण पनि २.१९ प्रतिशतले घट्यो ।

मंगलबार कारोबार भएका मध्ये २ सय ३५ वटा कम्पनीको सेयर मूल्यमा गिरावट आयो भने १६ वटा कम्पनीको सेयर मूल्य वृद्धि भयो । एभरेस्ट बैंकको सेयर मूल्य भने मंगलबार स्थिर रह्यो ।

मंगलबार नेप्सेमा सेन्चुरी डिबेन्चर २०८८ बिक्री गर्नेले सबैभन्दा धेरै नाफा आर्जन गरे भने भूगोल इनर्जीको सेयर बिक्री गर्नेले सबैभन्दा धेरै गुमाए । मंगलबारको सेयर कारोबारमा खरिद बिक्रीकर्ताको आकर्षण डिबेन्चरमा देखिएको थियो ।

# जुम्लामा १० करोड बढीका भेडा तथा खसीबोकाको कारोबार



**जुम्ला/मस–** जुम्लामा यसवर्षको दसैंमा १० करोड रुपैयाँभन्दा बढीको भेडा, खसीबोकाको कारोबार भएको छ । सदरमुकाम खलंगा बजारलगायत यहाँका स्थानीय तहमा भएको खसी, बोका तथा भेडा खरिद बिक्रीबाट यसवर्ष १० करोड रकम बराबरको कारोबार भएको चन्दननाथ नगरपालिकाअन्तर्गत पशुपक्षी विकास शाखाका प्रमुख वीरबहादुर रावतले जानकारी दिए ।

उनले भने, ‘कारोबार भएको उक्त रकममध्ये भेडातर्फ नौ करोड ३४ लाख ८८ हजार रुपैयाँ तथा ३७ लाख ४० हजार रुपैयाँको खसी, बोका खरिद बिक्री भएको हो । चन्दननाथ नगरपालिकामा भने २६ लाख ७७ हजार रुपैयाँको राँगा, भैँसीसमेत कारोबार भएको छ ।’ यस वर्षको दसैंमा जुम्लामा पाँच हजार ८४३ वटा भेडा बिक्री भएको तथ्यांक छ । यसैगरी, २ सय ५६ खसी र ६३ राँगा, भैँसी खरिद बिक्री भएको छ । दसैंमा स्थानीय भेडाको अधिकतम मूल्य २३ हजार रुपैयाँ, न्यूनतम मूल्य ९ हजार र औसत मूल्य १६ हजार रुपैयाँ तोकिएको प्रमुख रावतले जानकारी दिए ।

त्यस्तै, खसीको अधिकतम मूल्य २२ हजार, न्यूनतम मूल्य आठ हजार र औसत मूल्य १५ हजार रुपैयाँ रहेको छ भने राँगो, भैँसीको अधिकतम मूल्य ६१ हजार, न्यूनतम मूल्य २४ हजार र औसत मूल्य ४२ हजार ५ सय रुपैयाँ रहेको थियो ।

जुम्लामा मुगु, कालीकोट, दैलेख, बाजुरालगायत जिल्लाबाट खसी, भेडा, राँगा, भैँसी ल्याइएको थियो । गत वर्षको दसैंमा १६ करोड ३२ लाख ३१ हजार रुपैयाँ मूल्य बराबरका खसी, भेडा, राँगा, भैँसी खरिद बिक्री भएको चन्दननाथ नगरपालिका पशुपंक्षी विकास शाखाले जनाएको छ ।

गत वर्षभन्दा यो वर्ष भेडा र खसीको मूल्य औसत रूपमा ३० प्रतिशतले घटेको यहाँका स्थानीय व्यापारी बताउँछन् ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल